# अध्याय-एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको इतिहासमा चोभारको आफ्नै किसिमको साँस्कृतिक, धार्मिक र सामाजिक महत्व छ । चोभार डाँडा काठमाडौंको केन्द्र हनुमानढोकाबाट दक्षिण पश्चिममा पर्दछ । वंशावली र किंवदन्ती अनुसार यस डाँडालाई "कच्छपाल गिरी" अर्थात "कच्छपाल पर्वत" पनि भन्ने गरेको पाइन्छ ।[१] कच्छपाल शब्द संस्कृतबाट आएको हो र यसको अर्थ हुन्छ कछुवाको आकार । चोभारको आकार बसेको कछुवाको जस्तो भएकोले यसलाई कच्छपाल पर्वत पनि भन्ने गरिन्छ । कच्छपाल पर्वतको वरिपरि भने बाक्लो सङ्ख्यामा नेवारहरू शाक्य, तुलाधर, महर्जन, डंगोल आदिको उपस्थिति रहेको छ । यहाँका स्थानीय जनताहरू अधिकांश खेतीपातीमा निर्भर छन् । अन्य मानिसहरू घरेलु शिल्पकला, कपडा बुन्ने, काठमा बुट्टा कोर्ने, विभिन्न देव देवीहरूको मूर्ती काठमा र ढुंगामा बनाउने, डकर्मी, सिकर्मी, जागिरदार, ठेकेदार आदि पेशामा लागेका छन् ।

चोभार डाँडोको मध्य भागमा आनन्दादि लोकेश्वरको विहार रहेको छ । यसलाई काठमाडौ उपत्यका बासीहरूले 'चोबाहा' नामबाट चिन्ने गर्दछन् । नेवारी भाषामा "चो" अर्थात् अग्लो ठाउँ र 'बाहा' अर्थात् अग्लोठाउँमा रहेको विहार भन्ने अर्थ लाग्दछ । चोभारको विहारलाई कच्छपालगिरी महाविहार, सुवर्णगिरी महाविहार, गन्धावती महाविहार र असना लोकेश्वर महाविहार आदि नामहरूबाट चिन्ने गरिन्छ । यो विहारको पूर्व नख्खु खोला, पश्चिममा कीर्तिपुर नगरपालिकाका विभिन्न गाउँहरू, उत्तरमा सुन्दरीघाट र दक्षिणमा चम्पादेवीको डाँडा पर्दछ । प्रवेशद्वार देखि विहार सम्म जाने बाटोको ठाउँठाउँमा मण्डल, पादुका, चैत्य, कुवा विभिन्न देवदेवीका मूर्तिहरू प्रशस्त भेटिन्छन् । यो विहार कहिले निर्माण भयो प्रष्ट हुन नसके तापनि असना लोकेश्वर महाविहारमा अंकित शिलालेखमा विहारको नाम अगाडि "श्री इन्द्रदेव संस्कारित" जस्ता शब्दहरू उल्लेख भएको पाइएबाट यो विहार सम्भवत: वि.सं. ११८१ देखि ११९३ सम्म नेपालमा शासन चलाउने राजा इन्द्रदेवले निर्माण

---

१ डेनियल राइट, *हिस्ट्री अफ नेपाल,* रञ्जन गुप्ता, १९९९, पृ. ६३ ।

गर्न लगाएका थिए भनेर अनुमान गर्न सकिन्छ ।[२] ललितपुरका अठार महाविहारहरू मध्ये चोभारस्थित आनन्दादि लोकेश्वर महाविहार पनि पर्दछ । यसैले ललितपुर भेगमा सम्पन्न गरिने जिल्लाव्यापी विभिन्न धार्मिक वा सांस्कृतिक समारोहमा सम्मिलित हुने कार्यमा अहिले सम्मपनि चोभारमा अवस्थित आनन्दादि लोकेश्वरको प्रतिनिधित्व गराइने चलन कायम छ ।

विहारको चौरतिर विभिन्न धार्मिक एवम् सांस्कृतिक कार्य सम्पन्न गर्न प्रयोग गरिने भवनहरू, पूजापाठ एवम् भजन गर्न पाटीहरू निर्माण गरिएका छन् । आनन्दादि लोकेश्वर स्थापना गरिएको मन्दिरको ठीक अगाडि क्षितिगर्भ बोधिसत्वका ठूला मन्दिर रहेको छ । यसको अगाडि अथवा मूलढोकाबाट पस्नासाथ मञ्जुश्री अंकित मण्डलाकार पितलेका पाताले मोडिएको एउटा धर्मधातु मण्डल स्थापना गरिएको छ । मन्दिरका दायाँतर्फ आनन्दादि लोकेश्वरलाई वार्षिक दशकर्म सम्पन्न गर्नका निमित्त ढुङ्गाको कमलाशनयुक्त डबली निर्माण गरिएको छ । यसलाई नेवारीमा 'इही दबू' भनिन्छ । आनन्दादि लोकेश्वर प्रदक्षिणा गर्न मूल मन्दिरका दायाँबायाँ खुल ढोका राखी प्रदक्षिण मार्ग बनाइएको छ । विहारको ढोकाको ठीक माथि बज्रसत्व सहिन पंचबुद्धका मूर्तिहरू अंकित सुनको मोलम्बा लगाइएको तामाको तोरण टाँगिएको छ । तोरण मुनीको ढोकाको भागमा स-साना घण्टाहरू झुण्ड्याइएका छन् । जसलाई नेवारीमा "ज्वाय्गँ" भनिन्छ । मन्दिरको अघिल्लो भागमा सबै तल्लामा भक्तजनहरूबाट चढाइएका अेनक प्रकारका भाँडाकुँदा तथा अन्य उपभोग सामग्रीहरू टाँगिएका छन् । यसलाई "सिवेतायेगु" पनि भनिन्छ । अर्को जन्ममा सौभाग्य एवम् सम्पन्नता प्राप्त होस् भन्ने मनोकामना राखेर भक्तजनहरू आफ्ना भाँडाकुँडा, गरगहना वा अन्य सामग्रीहरू आनन्दादि लोकेशवरको यस मन्दिरमा टाँग्न ल्याउँछन् भन्ने कथन यहाँ प्रसिद्ध रहेको छ । यसरी टाँगिएका वस्तुहरूमध्ये सन्तान विहिन महिलाहरूका भाँडाकुँडा बढी छन् । कुनै कुनै मृतकका परिवारहरूबाट आफ्नो नातेदारको मृत्युपछि मृतकले प्रयोग गरिएको सामान यहाँ टाँग्न ल्याइने प्रचलन छ ।

यस कच्छपाल महाविहारमा प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाको दिनदेखि एक महिनासम्म भव्य मेला लाग्ने गर्दछ । यसलाई मासव्रत भन्दछन् । यस मेलामा शुरुमा २५ दिन सम्म सामान्य पूजा, व्रत र भगवानको दर्शन गर्ने, फूल प्रसाद ग्रहण गर्ने र जल खाने कार्यहरू हुन्छन् भने अन्तिम ५ दिन चाहिं विशेष पूजा र निर्जला व्रत बस्ने कार्य गरिन्छ ।

[२] तुलसीराम वैद्य र हेमराज शाक्य, *मेडिइभल नेपाल* (कोलोफोन्स, एण्ड इन्सक्रिप्सनस्), त्रिपुरेश्वर, काठमाडौं : टि.आर. वैद्ये, १९७०, पृ. १२९ ।

यो मास व्रत यस विहारको विशेष प्रकारको व्रत हो र यसका बारेमा अहिले सम्म गहन अध्ययन भएको देखिदैन ।

## १.२ अध्ययनको कथन

यस अनुसन्धानको समस्या कथन यस प्रकार रहेको छन् ।

१. कच्छपाल महाविहारमा बसिने मास उपवास व्रत के हो र कसरी गरिन्छ ?

२. कच्छपाल महाविहारको जात्रा गुठी र संघ परम्परा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि काम गर्दा त्यो कामको उद्देश्य के हो भनि बुझेर मात्र गरिन्छ । कुनै पनि काम उद्देश्य विनाको हुँदैन यदि त्यो सकारात्मक काम होस् या नकारात्मक काम होस् । यस अनुसन्धानको उद्देश्य यस प्रकार रहेको छ :

१. कच्छपाल महाविहारमा मनाईने मास उपवास व्रतको बारेमा अध्ययन गर्ने ।

२. कच्छपाल महाविहारमा हुने जात्रा, गुठी र संघ परम्पराको खोजी गरी प्रस्तुत गर्ने ।

## १.४ अध्ययनको औचित्य

प्राचिन नेवार बस्ती बीचको बौद्ध धार्मिक स्थलको सांस्कृतिक र पुरातात्विक महत्व बारे जानकारी गराउनु नै यसको मुख्य औचित्य रहेको छ । मास उपवास व्रतको बारेमा हाल सम्म कसैले पनि यस ढङ्गबाट गहन अध्ययन नगरेको कारण यो अनुसन्धानको आफ्नै महत्व रहेको छ ।

## १.५ अनुसन्धानको क्षेत्र र सिमा

कीर्तिपुर क्षेत्रभित्र रहेका प्राचिन गाउँ मध्ये चोभार पनि एक गाउँ भएकोले यहाँको सांस्कृतिक, धार्मिक र सामाजिक महत्व धेरै छ । यस महाविहारको धार्मिक र सांस्कृतिक विषयलाई विशेष महत्त्व दिई मास उपवास व्रतमा मात्र केन्द्रित रहने गरी यस शोधपत्रको सिमा तय गरिएको छ ।

## १.६ अनुसन्धान विधि

यस शोधकार्य मुलतः प्राथमिक तथा सहायक तथ्याङ्कको आधारमा केन्द्रित गरिएको छ । यसको साथै यस शोधकार्य तयार गर्नको लागि स्थानीय बासी, सम्बन्धित बुद्धिजीवीहरू, संघका सदस्यहरूसँग प्रत्यक्ष भेटघाट, व्रतालुहरूसँग अन्तर्वार्ता घटना अध्ययनको रुपमा शोधपत्रमा समावेश गरिएको छ ।

यस अनुसन्धानको प्राथमिक तथ्याङ्क प्राप्त गर्ने स्रोतहरूमा, अन्तर्वार्ता, अवलोकन, घटना विधि मुख्य रहेका छन् । अवलोकनमा असहभागीमूलक अवलोकन मुख्य रुपमा प्रयोग भएको छ । अन्तर्वार्तामा प्रयोग भएका प्रश्नावली यसै अनुसन्धानको अन्त्यमा दिइएको छ ।

यस अनुसन्धानमा पादटिप्पणी त्रि.वि. ले दिएको नियम अनुसार गरिएको छ ।

## १.७ पूर्व साहित्यिक समीक्षा

चोभारको कच्छपाल महाविहार बारे प्रकाशन थोरै मात्र भएको र यस सम्बन्धी लेखहरू पनि धेरै नभएको हुँदा यो शोधपत्र तयार गर्न केही पुस्तकहरू र लेखहरूको सहयोग लिइएको छ । विशेषगरी यो शोधपत्र स्थानीय बासिन्दा सँगको प्रत्यक्ष अन्तर्वार्ता र अवलोकन मै बढी केन्द्रित भएर लेखिएको छ । यस शोध कार्यमा निम्न पुस्तकहरूकोसमिक्षा गरिएको छ ।

### १) वृद्धिदष्ट ट्रेडिसन्स एण्ड कल्चर अफ काठमाडौं भ्याली[३] :

यस पुस्तकका लेखक करुणकर वैद्यले आफ्नो पुस्तकमा नेपाल मण्डलका विहारहरूको बारेमा चर्चा गरेका छन् । नेपाल मण्डलका विहारहरूमा गरिने सांस्कृतिक, धार्मिक क्रियाकलाप र यसका महाविहारका बारेमा व्याख्या गरेका छन् । यस पुस्तकमा लेखकले श्री आनन्दादि लोकेश्वरको इतिहास, उत्पति, वास्तुकला आदिको बारेमा उल्लेख गरेका छन् तर यस पुस्तकमा मासव्रतको बारेमा उल्लेख गरिएको छैन ।

---

[३] करुणाकर वैद्य, *बुद्धिष्ट ट्रेडिसन्स एण्ड कलचर अफ काठमाडौं भ्याली*, काठमाडौं : साझा प्रकाशन, १९८६ ।

२)	**श्री आदिनाथ[४] :**

जगदिश चन्द्र रेग्मी र पशुपति कुमार द्विवेदीले आफ्नो पुस्तकमा श्री आदिनाथमा यसका विभिन्न धार्मिक गतिविधिका बारेमा उल्लेख गरेका छन् । यस पुस्तकमा कला, वास्तुकला आदिको बारेमा भने उल्लेख छैन । यस पुस्तकमा मन्दिर संचालनको लागि स्थापना गरिएको गुठीको बारेमा लेखिएको छ । यस पुस्तकमा सामाजिक जिवनको बारेमा उल्लेख गरिएता पनि मास व्रतको बारेमा भने उल्लेख गरिएको छैन ।

३)	**करुणामय[५] :**

जोन के लकले आफ्नो पुस्तक करुणामयका विभिन्न करुणामयहरूको बारेमा उल्लेख गरेका छन् । यस पुस्तकमा करुणामयको जन मानसमा कति व्याकता छ भन्ने बारे उल्लेख गरेको पाइन्छ । यो नेपालको सांस्कृतिक पक्षको अध्ययन निमित्त ज्यादै उपयोगी छ । मास व्रतको बारेमा उल्लेख गरिएको छैन र चोभारको करुणाको बारेमा विशेष उल्लेख गरिएको छैन ।

४)	**वुद्धिष्ट मोनास्ट्रीज अफ नेपाल[६] :**

यस पुस्तकमा लेखक जोन के लकले काठमाडौं उपत्यकाका विहारहरूको बारेमा व्याख्या गरेका छन् । विहारका धार्मिक गतिविधि, विशेषता आदिका बारेमा विभिन्न कालखण्डमा व्याख्या गरेका छन् । विहारका सामाजिक गतिविधिका बारेमा पनि यस पुस्तकमा चर्चा गरिएको छ । तर मास व्रतको बारेमा यस पुस्तकमा उल्लेख गरिएको छैन ।

---

[४] जगदीश चन्द्र रेग्मी र पशुपति कुमार द्विवेदी, *श्री आदिनाथ,* काठमाडौं : द्वारिकामान नेमकुल, २०४६ वि.सं. ।

[५] जोन के लक, *करुणामय,* काठमाडौं : सहयोगी प्रकाशन १९८० ।

[६] जोन के लक, *बृद्धिष्ट मोनास्ट्रीज अफ नेपाल,* सहयोगी प्रकाशन, १९८५ ।

## ५) आदिनाथ गणेशथान टौदह, एक चिनो तिन चिनारी[७]:

यस पुस्तकमा लेखक उमा एन शर्माले एउटै पुस्तकमा तीनैवटै धार्मिक र पर्यटकीय स्थलहरू आदिनाथ, टौदह र गणेशस्थनको बारेमा चिनारी दिएका छन् । यस पुस्तकमा धार्मिक महत्व र सांस्कृतिक पक्षका बारेमा चर्चा गरिएको छ । सानै भए पनि यो पुस्तक ज्यादै उपयोगी छ । यस पुस्तकमा सम्बन्धित ठाउँहरूको बारेमा कथ्य एवम् तथ्य कुराहरूको राम्रो ज्ञान प्रदान गरिएको छ । तर मास व्रत र निर्जला व्रतको बारेमा उल्लेख भएको पाइदैन ।

## ६) चोभारको सांस्कृतिक अध्ययन[८]:

यमुना महर्जनको यस शोधपत्रमा चोभार लगायत यसका वरिपरि रहेका विभिन्न देवस्थलहरूको सांस्कृतिक, धार्मिक एवम् वास्तुकलाको बारेमा अध्ययन गरिएको छ । यो शोधपत्र ज्यादै सूचनामूलक र उपयोगी रहेको छ । यस पुस्तकमा मास व्रत र निर्जला व्रतको बारेमा उल्लेख भएको पाइदैन ।

## ७. नेवाः तजिलजिया चोखामुना[९]:

यस पुस्तकका लेखक श्री चुन्दा बज्राचार्यले आफ्नो पुस्तकमा नेपाल मण्डलमा रहेका महिलाहरूको परम्परागत अवस्था, धर्म र समाजमा उनीहरूको भूमिका तिनीहरूमा विद्यमान पारापाचुके सम्बन्धी समस्याको अध्ययन गरेका छन् । यो सांस्कृतिक अनुसन्धानको लागि एकदमै सहयोगी भएको छ । यस पुस्तकमा विभिन्न जात्राहरूको बारेमा उल्लेख भएता पनि मास व्रतको बारेमा उल्लेख भएको छैन ।

# १.८ ग्रन्थको संरचना

यस शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । जुन यस प्रकार छ ।

---

[७] उमा एन. शर्मा, *आदिनाथ गणेशथान टौदह एक चिनो तिन चिनारी,* सनलाइट पब्लिकेशन, कीर्तिपुर, २०७१ ।

[८] यमुना महर्जन, *चोभारको सांस्कृतिक अध्ययन,* शोधपत्र, त्रि.वि., संस्कृति के.वि. विभाग, मे २००३, कीर्तिपुर ।

[९] चुन्दा ब्रजाचार्य, *नेवा : तजिलजिया चोखामुना,* पाटन : नेपाल मण्डल घ च दुकु, ११२१ एन.ई. ।

परिच्छेद एक : परिचय

परिच्छेद दुइ : चोभारको परिचय र कच्छपाल महाविहार

परिच्छेद तीन : मास उपवास व्रत र अन्य धार्मिक कार्यहरू

परिच्छेद चार : संघ परम्परा र गुठीहरू

परिच्छेद पाँच : उपसंहार

# अध्याय दुई

# चोभारको परिचय र कच्छपाल महाविहार

## २.१ पृष्ठभूमि

नेपालको इतिहासमा चोभारको आफ्नै किसिमको साँस्कृतिक, धार्मिक र सामाजिक महत्व छ । चोभार पूर्वपश्चिम लाम्चो र उत्तरदक्षिण चौडाई भएको एउटा प्राचीन नेवार वस्ती हो । यस डाँडाको वरिपरि विभिन्न जातका मानिसहरूको बसोबास रहेको पाइन्छ । यहाँ विशेषगरी ब्राम्हण र क्षेत्रीहरूको समेत उपस्थिति रहेको छ । यस डाँडामा कच्छपाल महाविहार रहेको छ। कच्छपाल महाविहारको वरिपरि भने बाक्लो संख्यामा नेवारहरू, शाक्य, तुलाधर, महर्जन, डंगोल आदिको उपस्थिति रहेको छ। यहाँका स्थानीय जनताहरू अधिकांश खेतीपातीमा निर्भर छन्। अन्य मानिसहरू घरेलु शिल्पकला, कपडा बुन्ने, काठमा बुट्टा कोर्ने, विभिन्न देवदेवीहरूका मूर्ती काठमा र ढुङ्गामा बनाउने, डकर्मी, सिकर्मी, जागिरदार आदि पेशामा लागेका छन्।

## २.२ भौगोलिक अवस्था

चोभार डाँडालाई भौगोलिक विविधताले भरिएको डाँडाको रुपमा लिन सकिन्छ। यस डाँडा समुन्द्री सतहबाट १४०७ मिटर उचाई र मध्य उपत्यकाबाट झण्डै ८७ मिटर उचाईमा रहेको छ। यस डाँडाको पूर्वपट्टि बागमती नदी, उत्तरपट्टि नख्खु खोला, दक्षिणपट्टि कर्कोटक नागराजको बासस्थान टौदह र उच्च पहाडि भाग चम्पादेवीको डाँडो रहेको छ। यसै गरि पश्चिम तर्फ कीर्तिपुरको डाँडाले घेरिएको छ। यस डाँडाको उत्तरतर्फ बाक्लो सल्लाको रुखैरुखले भरिएको एकदमै हरियाली भिरालो जमिन रहेको छ।

ऐतिहासिक दृष्टिकोणले व्याख्या गर्दा काठमाडौं उपत्यका पहिले एउटा तलाउको रुपमा रहेको थियो। यस तलाउमा तीनवटा थुम्काहरू रहेका थिए। ती तीनवटा थुम्काहरू स्वयम्भू, कीर्तिपुर र चोभार हुन् भन्ने गरेको पाइन्छ। यिनीहरू सवै पछि आएर एउटा साँस्कृतिक र धार्मिक केन्द्रको रुपमा विकसित भए।

## २.३ कच्छपाल महाविहार

### २.३.१ विहारको नामाकरण र भौगोलिक परिचय

शताब्दियौंदेखि काठमाडौं उपत्यकाका भक्तजनहरूले श्रद्धाका साथ भक्तिभाव दर्शाइ आएका अनन्दादि लोकेश्वर रहनुभएको चोभारको पवित्र स्थललाई कच्छपालगिरी महाविहार, सुवर्णगिरी महाविहार, गन्धावत्ती महाविहार, असना लोकेश्वर महाविहार आदि नामबाट चिन्ने गरिन्छ । तर भक्तजनहरूबीच यसलाई चोबाहा नामबाट वढि चिन्ने गरिन्छ ।

वि. सं. १६७७ मा ललितपुरलाई सिद्धिनर सिंह मल्लले विधिवत् एउटा स्वतन्त्र राज्यका रुपमा स्थापना गर्दा चोभार क्षेत्रलाई पनि ललितपुर राज्यमा एकीकृत गरिएको थियो । त्यसैले ललितपुर राज्य अन्तर्गत पर्ने विहारहरूको पूजाआजा सामाजिक तथा साँस्कृतिक कियाकलाप संरक्षण तथा नियन्त्रण आदि बारे तर्जुमा गरिएको नियमलाई आधार बनाई ती नियमहरूका अधीनमा रही काम गर्ने अधिकार प्राप्त गरेका ललितपुरका अठार विहारमध्ये चोभारस्थित आनन्दादि लोकेश्वर रहेको यो विहार पनि पर्दछ ।

चोभार डाँडाको मध्ये भागमा यो विहार निर्माण गरिएको छ । यो विहारको पूर्व नख्खु खोला, पश्चिममा कीर्तिपुर नगरपालिकाका विभिन्न गाँउहरू जस्तै भाजंगल ईंटागोल आदि उत्तरमा सुन्दरीघाट र दक्षिणमा टौदह पर्दछ । काठमाडौ स्थित बौद्ध धर्मावलम्वीहरूको प्रसिद्ध स्थल स्वम्भू डाँडोभन्दा दक्षिण तर्फको डाँडोमा निर्माण गरिएको यस विहारमा आइपुग्न उत्तरतर्फको प्रवेशब्दारबाट करीब बीस मिनेट जति ढुङ्गाको सिंढीहरू चढ्नु पर्छ । प्रवेशद्वार देखि विहार सम्म जाने बाटोको ठाँउठाँउमा मण्डल पादुका, चैत्य, कुवा विभिन्न देवदेवीका मूर्ति तथा शिलालेखहरू प्रशस्त भेटिन्छन् ।

ढुङ्गाको सिंढी उक्ली विहारको मूलढोका सम्म पुग्दा दायाँवायाँ पाटीहरू देखिन्छन् । विहार प्रवेश मूलढोकामाथि महापंचवुद्ध सहितको मूर्ति कुदिएको एउटा कलात्मक तोरण राखिएको छ । ढोकाबाट भित्र पस्ने वित्तिकै दायाँतर्फ आगन्तुक भक्तजनहरूलाई विश्राम गर्न, विभिन्न पर्वहरूमा पाठपूजाका सामाग्रीहरू सजाउन उपयुक्त ठाँउको रुपमा प्रयोग गर्न र विहारको सुरक्षा हेतु राती पहरा दिन आउने संघसदस्यहरू सुत्नको निमित्त फलैंचा बनाइएको छ । वाँया तर्फको फलैंचामा विभिन्न साना ठूला देवदेवीका मूर्तिहरू स्थापना गरिएका छन् । ती मध्ये उत्तरतर्फको भित्तामा स्थापना गरिएको अन्दाजी तीस इन्च अग्लो महाकालको मूर्ति र पश्चिमाभिमुख अवस्थामा रहेको विभिन्न आकृतिहरू कुँदिएको पित्तलको

पाताले छोपिएको खोपाभित्र नाटेश्वर देवता स्थापना गरिएको छ । नाटेश्वरको दाँया बाँया ढुंगाका सिंहहरू उभ्याइएका छन् ।

मूलढोकाबाट करीव ५/६ कदम हिंडीसकेपछि आनन्दादि लोकेश्वर स्थापना गरिएको विहारमा पुगिन्छ । चारैतिर ढुंगा छापिएको उक्त विहारमा आनन्दादि लोकेश्वरको चार तल्ले भव्य मन्दिर रहेको छ ।

### २.३.२ आनन्दादि लोकेश्वरको मन्दिर

काठमाडौं उपत्यकाका धर्मावलम्वीहरूको पवित्र धार्मिक स्थलको रुपमा प्रसिद्ध भैरहेको चोभारस्थित कच्छपालगिरी महाविहारको आकर्षणको केन्द्र विन्दु भनेको आनन्दादि लोकेश्वर को सुन्दर एवं भव्य मन्दिर नै हो । यो मन्दिर विहार प्रवेश गर्ने ढोकाको ठीक सामन्ने अर्थात् उत्तराभिमुख गरि निर्माण गरिएको छ । पगोडा शैलीमा निर्माण गरिएको यो मन्दिर झ्वाट्ट हेर्दा तीन तल्ले जस्तो देखिएतापनि खास चार तल्लाको छ । मन्दिरको भुँइतल्लाको गाह्रोलाई ईटाकै आकार गरी बनाई पित्तलको पाताले मोडिएको छ । मन्दिरको दोश्रो र तेश्रो तल्लामा पित्तलको छाना बनाई त्यसमा सुनको मोलम्वा लगाइएको छ । यस मन्दिरको शिर भागमा गजुर राखी त्यसको माथि छत्र राखिएको छ । यस्तै देवतालाई गहनाहरू लगाउने प्रतीक स्वरुप मन्दिरको गजुरदेखि तल्लो भागसम्म लट्किरहने मूख्य देवताका चित्र अंकित गरिएको पताकाले सजाइएको छ ।

मन्दिरको प्रवेशद्वार अगाडि ढुङ्गाका खुड्किलाहरू र यसका दाँयाबाँया ढुङ्गाका दुई सिंह चन्द्र सूर्य अंकित पित्तलका दुई झण्डा राखिएका छन् । त्यसको सँगै दाँयावाँया काठको बुट्टेदार चतुष्कोण खम्बाहरू बनाई १/१ देवघण्टा झुण्डाइएका छन् । मन्दिरको पेटीमाथिको बार राखिएको अगाडि भागमा "ॐ मणि पद्मे हुँ" अंकित मानेहरू राखी त्यसको माथिपट्टिको भागमा दियो बाल्न पानसहरू राखिएका छन् । मन्दिरको मूलढोकाको खापा स-साना प्वाल पारिएका पित्तलबाट बनाइएको छ तथा मूलढोकाको दाँयाबाँया दुई स-साना झ्यालहरू छन् । ढोकाको ठीक माथि वज्रसत्व सहित पंचबुद्धका मुर्तिहरू अंकित सुनको मोलम्वा लगाएको तामाको तोरण टाँगिएको छ । तोरण मुनिको ढोकाको भागमा स-साना घण्टाहरू झुण्ड्याइएका छन् ।

मन्दिरको पहिलो तल्लामा काठका आँखीझ्याल र काठकै तोरण राखिएको छ । मन्दिरको दाँया भागमा आगम कोठा छुट्टै बनाइएको छ । मन्दिरको दोश्रो तल्लामा ४५ डिग्री

बाहिर ढल्किने गरी काठको कलात्मक संझ्याल राखिएको छ । यस तल्लाभित्र विभिन्न हातहतियारहरू (खड्ग, तरवार आदि) सुरक्षित राखिएका छन् । दशैँको बेलामा यी हातहतियारहरू पूजिन्छन् । यहाँ खड्ग जात्रा गर्ने परम्परा पनि सो अवसरमा चलेको पाइन्छ । यी बाहेक यस तल्लामा अन्य देवदेवीका मूर्तिहरू पनि छन् । यसै तल्लाभित्र भक्तजनहरूबाट समय समयमा चढाइएका बहुमुल्य सामाग्रीहरू पनि सुरक्षित राखिएका छन् भनी स्थानीय थपाजु भन्नुहुन्छ ।

मन्दिरको तेश्रो र चौथो तल्लामा स-साना आँखीझ्यालहरू जडान गरिएका छन् । भुँईतल्ला बाहेक अन्य तल्लाहरूमा ईटाको गाह्रो स्पष्ट देखिन्छ ।

मन्दिरको दोश्रो तल्लादेखि चौथो तल्लाका छानाहरू अड्याउन टुँडालहरू र काठको प्रयोग प्रशस्त मात्रामा भएको छ । यसमा कुँदिएको कलाकारिता भने अद्वितिय नमुनाको रहेको पाइन्छ ।

मन्दिरको अघिल्लो भागको सबै तल्लामा भक्तजनहरूबाट चढाइएका अनेक प्रकारका भाँडाकुँडा तथा अन्य उपभोग्य सामाग्रीहरू टाँगिएका छन् ।

### २.३.३ आनन्दादि लोकेश्वरको चित्रण

चतुष्कोण पेटीमा अवस्थित मन्दिरको भईतल्लामा उत्तराभिमुख एउटा सानो कोठा टाढैबाट देखिन्छ जसलाई गर्भगृह भनिन्छ । यसै गर्भगृहभित्र आनन्दादि लोकेश्वरको करीब साढे तीन फीट अग्लो मूर्ति स्थापना गरिएको छ । दुवै हातमा कमलको फूल लिई दायाँहात बरद मुद्रा र बायाँहात आह्वान मुद्रा गरी उभिएको यस लोकेश्वर रक्तवर्णको छ । एक प्रकारको साह्रै चिम्टाइलो माटोले बनाई रंगाइएको लोकेश्वरको आँखा निकै चम्किला र तेजिला देखिन्छन् । झट्ट हेर्दा मूर्तिको आँखा माथि फर्केको देखिन्छ । जनश्रुति अनुसार नन्दग्वाको मद्दतद्वारा यस विहारमा प्रतिष्थापित गर्न आनन्दादि लोकेश्वरलाई बोकेर ल्याउँदा लोकेश्वरले यो डाँडो कति अग्लो छ भनी माथि फर्केर हेर्दा मूर्तिको आँखा अलि माथि फर्कन गएको थियो । उत्तराभिमुख, अवस्थामा रहेको यस मूर्तिको पाउ (चरण) एउटा चाँदीको बट्टाले छोपिराखेको छ । भक्तजनहरूको अनुरोधमा बट्टा उघारेर पाउ दर्शन गर्न दिइन्छ र प्रसाद वितरण गरिन्छ । आनन्दादि लोकेश्वरको मूर्तिलाई विभिन्न आभूषणले सुसज्जित गरिएको छ ।

# अध्याय तीन

# मास व्रत र अन्य धार्मिक कार्यहरू

## ३.१ पृष्ठभूमि

बुद्ध धर्मको मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो । महायान को उद्देश्य "सर्व प्रकार जगतोहिताय" अर्थात् जसरी पनि जगतको हित गर्नु हो । यो मूल लक्ष्य प्राप्त गर्नको लागि व्रत गर्नु पनि एक वौद्ध अभ्यास मानिन्छ । नेपाल मण्डलको बौद्ध समाजमा व्रत बस्नुलाई पनि एक प्रमुख धार्मिक अभ्यास मानिएको छ । करुणामय व्रत, तारा व्रत, बसुन्धारा व्रत, मञ्जुश्री व्रत, लक्ष्य, चैत्य व्रत, महाकाल व्रत आदि यस्ता व्रतहरूमा पर्दछन् ।

संस्कृत शव्दकोश अनुसार साधारणतया व्रतको अर्थ धार्मिक कार्य, संकल्प, प्रतिज्ञा, भक्ति, संस्कार अनुष्ठान, जीवन चर्या आदि भनी उल्लेख गरिएको छ ।

यास्क भन्ने विद्वानले व्रतको व्युतपति "वृ" (वृञ्) धातुबाट हो भनेका छन् । सो कुरालाई नै अधिकांश विद्वानहरूले मानयता दिएका छन् ।[१०] यस प्रकार 'वृ' बाट व्युत्पत्त व्रत शब्दको अर्थ आदेश वा विधि, आज्ञापालन वा कर्तव्यता, धार्मिक वा नैतिक व्यवहार धार्मिक उपासना वा आचरण, गम्भीर संकल्प तथा आचरण सम्बन्धी कुनै पनि संकल्प हो ।[११]

व्रतको अवधारणा बुद्ध धर्ममा मात्र नभई विश्वका विभिन्न धर्महरूमा पनि पाइन्छ । आफ्नो धर्म अनुसार भक्ति पूर्वक व्रत ग्रहण गर्ने विभिन्न धर्मावलम्बिहरूमा पाइन्छ । यसरी आफ्नो धर्म अनुसार नीति नियमहरू पालना गरी आफ्नो उन्नति सम्बृद्धिको कामना गरी व्रत बस्ने चलन छ ।

जोन के. लकले बुद्ध धर्ममा व्रतलाई एक धार्मिक उत्सव तथा भक्ति पूर्वक गरिने धार्मिक कार्य भनेर विस्तृत रूपमा वर्णन गरेका छन् ।[१२] यसै सन्दर्भमा तड टि. लुइसेनले

---

[१०] रञ्जना बज्राचार्य, *नेपालको बौद्ध धर्ममा अष्टमी व्रत,* (ललितपुर : आशा रत्न धाख्वा, वि.सं. २०५७ पृ. १० ।

[११] पूर्ववतः पेज ११ ।

[१२] जोन के लक, *करुणामय,* (काठमाडौं : सहयोगी प्रकाशन १९८०) पृ. १८३ ।

व्रत एक भक्ति पूर्वक गरिने कृयाकलाप भनेर उल्लेख गरेका छन् ।[१३] नेपाल भाषामा व्रतलाई "धलं दने" र "अपसं च्वने" भनिन्छ ।

डेभिड गेल्नरका अनुसार "घलं दने" शब्द धर्मबाट र "अपंस च्वने" शब्द उपसोथ बाट आएको हो ।[१४] नेपालमा प्रचलिन बौद्ध व्रतहरूको अध्ययन गर्दा व्रत भनेको शील पालना, समाधिको अभ्यास र प्रज्ञाको साक्षात्कार गर्ने एक उपाय हो । भगवान बुद्धले धर्म देशना गर्ने क्रममा विभिन्न देवदेवीहरूको व्रत ग्रहण गर्नाले विभिन्न पुण्यहरू प्राप्त हुन्छ भन्ने उपदेश दिनु भएको कुरा अवदानहरूमा उल्लेख गरेको पाइन्छ । यही अवदान कथाहरूले आधारमा नेपालमा बौद्ध धर्मावलम्बिहरू व्रत बस्न उत्साहित भएको देखिन्छन् ।

व्रत धारणा गर्दा मूल पुरोहितद्वारा व्रतालुहरूलाई त्रिरत्न शरण दिने, अष्टशील दिनुका साथै दश अकुशल कर्म त्याग गराइएको पाइनछ । यी कार्यद्वारा काय वाक् र चित्त शुद्ध हुन्छ भन्ने बौद्ध धर्मावलम्बीहरू विश्वास गर्दछन् ।

नेपालमा बौद्धहरू सामुहिक रूपमा व्रत बस्ने गरेको पाइन्छ । प्रायः गरी आ-आफ्ना विहार, बहि, तिर्थ तथा घर घरमा सामुहिक रूपमा विभिन्न व्रतहरू ग्रहण गर्ने परम्परा कायम रहेको देखिन्छ । नेपालमा बौद्धहरू विभिन्न प्रकारका व्रतहरू बस्दछन् । व्रतहरू प्राय तिथि अनुसार बस्ने गरेको पाइन्छ । जस्तै लोकेश्वरको व्रत अष्टमी तिथिमा, बसुन्धरा देवीको व्रत तृतीया तिथिमा धर्मधातु व्रत पूर्णिमा तिथिमा आदि । बुद्ध धर्मको व्रतको नाम देव देवीको नाम तथा तिथि अनुसार राखिएको पाइन्छ । जस्तै आर्यावलोकितेश्वरको व्रतलाई करुणामय व्रत वा अष्टमी व्रत बसुन्धारा देवीको व्रतलाई बसुन्धारा व्रत वा तृतीया व्रत आदि ।

करुणामय व्रत नेपाल मण्डलमा सबभन्दा बढी प्रचलित व्रत हो । यस व्रतलाई उपोशथ व्रत, अमोघपाश व्रत पनि भनिन्छ । मुनष्य जीवनमा एक पटक भएपनि यो व्रत ग्रहण गर्नुपर्छ भन्ने बौद्ध धर्मावलम्बीहरूको कथन छ । यो व्रतको मुख्य साधना करुणा हो । यस व्रतद्वारा करुणा वृद्धि हुनाका साथै छोरा पाउने, निरोगी हुने आदि फल प्राप्त हुन्छ भन्ने

---

[१३] तड टि लुइस - *पपुलर बुद्धिष्ट टेक्स्ट फ्रम नेपाल,* न्युयोर्कःस्टेट युनिभर्सिटी, २०००) पृ. ९२ ।

[१४] पूर्ववत् पाद टिप्पणए सङ्ख्या र पृ ९४ ।

विश्वास गरिन्छ । यो व्रत समूहगत रूपमा महिनै पिछे एक वर्ष वा तीन वर्ष सम्म क्रमिक रूपमा गर्ने परम्परा पनि छ । यस व्रतमा व्रतालुहरूलाई अवदान कथाहरू सुनाउने चलन छ ।

व्रत बस्ने दौरानमा अनिवार्य रूपमा त्रिशरण गमन अर्थात् बुद्ध धर्म संघको शरणमा जाने, अष्टशील पालना गर्ने, दश अकुशल कर्म त्याग गर्ने तथा धर्म कथा (व्रत कथा) श्रावण गर्ने गर्छन् । उपरोक्त तथ्यबाट व्रतको अर्को एक प्रमुख उद्देश्य बुद्धधर्मको अभ्यास गर्नु हो भन्ने कुरा स्पष्ट हुन आउँछ । शील ग्रहण गर्ने कार्यमा त्रिरत्न शरण जाने, अष्टशील ग्रहण गर्ने र दश अकुशल नगर्नु पर्दछन् । त्यस्तै व्रत धारण गर्नलाई मण्डल बनाइन्छ । उक्त मण्डलमा मूल देवता र गण देवताहरू हुन्छन् । यी देवदेवीहरूलाई चित्र एकाग्रता गरी पूजा गरिन्छ । यस कार्यद्वारा समाधि लाभ हुन्छ । त्यस्तै प्रत्येक व्रतमा धर्म कथा श्रवण गराइन्छ । यसबाट प्रज्ञा प्राप्त हुन्छ भन्ने विश्वास छ ।

काठमाडौं उपत्यकाका लगायत अन्य ठाउँहरूमा पनि करुणामयको जात्रा मान्ने चलन रहेको पाइन्छ ।[१५]

करुणामयको अभ्यास गर्दा चित्त बसमा राखी लोभ, मोह र द्वेषलाई त्याग गरी प्रज्ञाको विकास हुन्छ र फेरि जन्म लिनु पर्दैन भन्ने विश्वास रहेको पाइन्छ ।

करुणामयको व्रत महायानको व्रत हो । जुन मार्गद्वारा धेरै प्राणीहरूलाई बुद्धत्वमा पुऱ्याईदिन्छ त्यो नै महायान हो । यस व्याख्या अनुसार महायान भन्नाले धेरै प्राणीहरूलाई संसारको दुःखबाट मुक्त गराई दिने मार्ग भनेर बुझ्न सकिन्छ । महायानको अन्तिम लक्ष्य सम्भयक संबुद्ध बन्नु रहेकोले महायानलाई सम्यक सम्बुद्ध यान पनि भनिन्छ ।ज्ञट

महायानका सूत्रहरूमा प्राय गरी बोद्धिसत्वहरूको नाम, कार्य आदि सम्बन्धी वर्णन गरिएको पाइन्छ । यी ग्रन्थहरूमा आर्यावलोकितेश्वरको गुण महात्य विशेषरूपमा गरिएको छ । आर्यावलोकितेश्वर र लोकेश्वर भन्नु एकै हो ।

---

[१५] बद्रीरत्न बज्राचार्य सं नागार्जु पाद *विरचित* : धर्म संगह्र बज्राचार्य संरक्षण गुठी वि.सं. २०५१ पृ. १ ।

[१६] बद्रीरत्न बज्राचार्य : *बुद्धिज्म अफ नेपाल,* आनन्द कुटी विहार ट्रष्ट, स्वयम्भु, काठमाडौं : ई.सं. १९८६ पृ. १ ।

लोकेश्वरको मुख्य सिद्धान्त नै सबै प्राणीहरूले बुद्धत्व प्राप्त नगरे सम्म आफूले पनि बुद्धत्व प्राप्त नगर्ने भन्ने महान् प्रतिज्ञा हो । यसरी लोकेश्वरहरूमा करुणा दृष्टि भएकोले यिनीहरूलाई नेपाली बोलीमा करुणामय भन्दछन् । बुद्धत्व प्राप्त गर्न प्रयत्नशील व्यक्तिलाई बोधिसत्व भन्दछन् ।[१७] बोधिसत्वले दश पारमिता ग्रहण गरी राखेको हुन्छ । दश परियिता भन्नाले निम्न प्रकारका छन् दान, शील, क्षीन्त, वीर्य ध्यान प्रज्ञा, बल, उपाय प्रणिधि र ज्ञान ।

नेपालको बुद्ध धर्ममा अवलोकितेश्वरको अभ्यास लिच्छवीकालदेखि नै भएको देखिन्छ ।[१८] लिच्छवी राजा वृषदेवले आफ्नो जीवनमै लोकेश्वर पद्मापाणि प्रति भक्ती दर्शाएर धर्मराजा लोकेश्वर र यमान्तकको मूर्ति प्रतिस्थापना गरे ।[१९]

नेपालका बौद्ध धर्मावलम्बीहरूले १०८ लोकेश्वरहरूलाई मान्यता दिई पूजा आजा गर्दै आएको देखिन्छ । यसैको प्रमाण स्वरूप काठमाडौंको मत्स्येन्द्र बहालमा १०८ लोकेश्वरको फोटो काठको फ्रेममा लेखेर मन्दिरको माथि टाँसिएको छ । लोकेश्वर मध्ये पनि काठमाडौ उपत्यकामा चारवटा लोकेश्वरलाई मुख्य रूपमा मान्यता दिइएको छ । जस अनुसार पाटनको रक्तआर्यावलोकितेशवर, चाभोरको आनन्दादि लोकेश्वर, नालाको श्रृष्टिकान्त लोकेश्वर र काठमाडौं जनबहालको आर्यावलोकितेश्वर हुन् । यी चार लोकेश्वरहरू पनि १०८ लोकेश्वर भित्र नै परेका हुन् ।

## ३.२ मास व्रत

माथि उल्लेख भएका चारवटै करुणामयहरूमा एक महिने मेला लाग्ने गर्दछ जसलाई “मास व्रत” अथवा “मय अवशान” पनि भन्ने गरेको पाइन्छ । चोभारमा मनाइने व्रतको महत्व अलि बढी र भिन्न प्रकारको रहेको छ । प्रत्येक वर्षको दशैंपछिको कोजाग्रत पूर्णिमा देखि त्यसपछि आउने पूर्णिमा (सकिमना पन्ही) सम्म एक महिनाभर चोभार आनन्दादि लोकेश्वरको मेला लाग्ने गर्दछ । यो मेला एक महिनाभर लाग्दछ । यो मेला प्रायः कार्तिक

---

[१७] दिव्य बज्र बज्राचार्य, *प्राक्कथन लोकेश्वरया परिचय,* लोकेश्वर संघ नेपाल, ने.सं. १०९९ पृ. ६ भ ।

[१८] धन बज्र बज्राचार्य, *लिच्छवीकालका अभिलेख नेपाल र एशियाली अध्ययन संस्थान,* काठमाडौं : २०३०, पृ. ११७-१७८ ।

[१९] अमोघ बज्र बज्राचार्य, *भूमिका लोकेश्वर परिचय,* लोकेश्वर संघ, काठमाडौ, नेपाल, ने.सं. १०९६ पृ. क. ।

महिनामा अर्थात् कम्तीमा पनि कार्तिक महिनालाई छोएर पर्ने भएकोले नै होला यसलाई "कार्तिक मेला" को नामले पनि चिनिन्छ। यस मेलामा आनन्दादि लोकेश्वरमा महिनाभरि नै प्रत्येक बिहान श्रद्धालु भक्तजनहरूको भीड लाग्छ । यस मेला अवधिभर काठमाडौं उपत्यकाभित्र र बाहिरबाट पनि हजारौंको सङ्ख्यामा तिर्थालु भक्तजनहरूको ओइरो नै लाग्ने गर्दछ। यस मेलाभरि आनन्दादि लोकेश्वरको दर्शन र पूजा आराधना गर्नाले निरोगी भइने र कुनै रोग भए पनि निको हुने जनविश्वास रहिआएको छ।

यही एक महिनाका पछिल्लो पाँच दिनमा बसिने वा गरिने निर्जला व्रतलाई पनि आनन्दादि लोकेश्वरको एउटा महत्वपूर्ण पर्वको रूपमा लिन सकिन्छ । कार्तिक मेला अवधिभित्रै पर्ने हरिबोधनी एकादशीदेखि पूर्णिमासम्म आनन्दादि लोकेश्वरको प्राङ्गणमा निर्जला व्रत भन्नाले कार्तिक महिनाभर पानीसम्म पनि नखाई तीर्थमा गरिने व्रतलाई बुझिन्छ । आनन्दादि लोकेश्वरमा बसिने वा गरिने निर्जला व्रत पनि प्रारम्भका वर्षहरूमा यस्तै थियो । एउटा किंवदन्ती अनुसार परापूर्व कालमा एकजना तिब्बती महारोगी घुम्दै फिर्दै कार्तिक महिनाको शुरुमा आनन्दादि लोकेश्वरमा आइपुगी सो महिनाभरि पानी सम्म पनि नखाई सोही विहारको प्राङ्गणमा बसेपछि उनका कुहिएर झरेका हात र खुट्टाका औंलाहरू पनि सन्चो भई विस्तारै पलाउन थाले । यसपछि अर्को एकदुई वर्ष पनि कार्तिक महिनाभरि त्यसै गरी विहारमा बसेपछि उक्त तिब्बती पूरै सन्चो भई तन्दुरुस्त भएका थिए। त्यही बेलादेखि आनन्दादि लोकेश्वरमा निर्जला व्रत बस्ते चलन चलेको हो भन्ने किम्बदन्ती छ । पहिले पहिले एक महिनाभरि नै पानीसम्म पनि नखाई बस्ने चलन थियो भने हाल आएर पाँचदिन (हरिबोधनी एकादशी देखि पूर्णिमासम्म) मात्र त्यसमा पनि दिनमा एक पटक पुजारीले दिएको सानो कचौराको एक कचौरा मात्र पानी खाई व्रत बस्ने चलन छ।[२०]

कच्छपाल महाविहारमा बसिने आनन्दादि लोकेश्वरको व्रत प्रति रहेको जनविश्वास बढो रोचक छ। चोरी भएको मूर्ति राति राति तिब्बतबाट काठमाडौं आउँथ्यो र उज्यालो हुनु अगाडि नै फर्केरे जान्थ्यो भन्ने विश्वास यस क्षेत्रका स्थानियहरूको छ । काठमाडौं उपत्यकाको सौन्दर्य हेर्न उत्तम स्थल मानिएको यस कच्छपाल महाविहार परिसर कोजाग्रत पूर्णिमा देखि हजारौं दर्शनार्थीहरूको गन्तव्य बनेको कारण पनि विशेष चर्चामा छ । एक

---

[२०] आनन्दादि लोकेश्वरका संघ सदस्य श्री इन्द्रवहादुर शाक्य, वर्ष ६५ चोभारका संग मिति २०६९।५।२ गते लिएको अन्तरवार्ता ।

महिना लामो मेलाका कारण यस विहारमा भक्तजनहरूको भीड बढ्ने गर्दछ । कम्तीमा मेला अवधिभर यस विहारसँग सम्बन्धित किंवदन्तीहरूले चर्चा पाइरहन्छन् । बौद्धमार्गीहरूले भगवान बुद्ध र हिन्दू धर्मावलम्बीहरूले शिवशक्तिको रूपमा पूजा अर्चना गर्दै आएका कच्छपाल महाविहारमा विराजमान हुनु भएका आनन्दादि लोकेश्वर धार्मिक सहिष्णुताका परिचायक पनि हुन् । आनन्दादि लोकेश्वरको मूर्ति हेर्दा शिव र बुद्ध दुवैका आकृति त्यहाँ पाइदैन । देवताको मूर्ति आफैमा मौलिक छ जसले रोचक किंवदन्तीलाई पुष्टि पनि गर्दछ । हराएका देवता राती राती आउने र उज्यालो हुनु अघि फर्केर जाने भनाई पुष्टि गर्ने केही किवदन्ती पनि छन् । यस महाविहारका एक सदस्यले जानकारी गराउँदै भन्नु भयो - “आज हामीले आनन्दादि लोकेश्वर भनेर पूजेका देवतालाई आदिनाथ पनि भन्ने गरिन्छ । वर्षौं अघि रथ यात्रा गर्दा अहिलेको चक्रपथस्थित बल्खु खोलामा रथ भासियो । राति रथमा रहेका लोकेश्वर हराए । चोरले ती लोकेश्वरलाई तिब्बत पुऱ्याए । त्यहाँ उनलाई “च्याङ्ग्रासी” नामले स्थापना गरी पूजा आजा गर्न थालेछन् । तर लोकेश्वर राति रात डुल्दै आफ्नो प्रिय ठाउँ चोभारमा आउने गर्दथे । बल्खु खोलामा गाडिएका रथका केही पांग्राहरू अहिले पनि कच्छपाल महाविहारको भण्डार कक्षमा सुरक्षित राखिएका छन् । रथका डोरीहरू पनि प्रमाणका रूपमा यहीं राखिएको उहाँको दाबी छ ।[२१]

आनन्दादि लोकेश्वर हराएको चैत्र सप्तमीका दिन अहिले पनि आनन्दादि लोकेश्वरलाई आसनबाट उठाएर अन्यत्र सारिन्छ, जसलाई नेपाल भाषामा “आवा छेली” भन्ने गरिएको छ । पछि लालवर्णका एक देवताको मूर्ति नख्खु खोलामा भेटियो उनैलाई लोकेश्वरको प्रतिमूर्ति मानी आदिनाथ लोकेश्वरकै खाली आसनमा स्थापना गरिएको हो । स्थापना गरिएको तिथिको सम्झनामा चैत्रको अष्टमी अर्थात् चैते दशैंका दिन यद्यपी जात्रा निकालिने चलन कायमै छ ।

आनन्दादि लोकेश्वर रोगनाशक देवताका रूपमा प्रसिद्ध छन् । मानसिक र शारीरिक रोग नास भएपछि विहारमा भाँडा चढाउने चलन रहेको पूजारी शाक्यको भनाई छ ।[२२] त्यो

---

२१ कच्छपाल महाविहारका पूजारी श्री सरोज शाक्य वर्ष ४०, चोभार सँग २०६९।५।८ गतेका दिन लिइएको अन्तरवार्ता ।

२२ कच्छपाल महाविहारका पूजारी श्री कुमार शाक्य, वर्ष ५६, चोभार सँग २०६९।५।८ गतेका दिन लिइएको अन्तरवार्ता ।

त भाँडा अन्य कारणले पनि चढाउने गरेको पाइन्छ । मृतकका सम्झनामा विहारमा लगेर भाडाँ कीला ठोकेर अड्याउने चलन बढी छ । एक अर्का पूजारी श्री कुमारी शाक्यका अनुसार - दाइजोका रूपमा आएका बुहारीका भाँडा उसको मृत्यु पश्चात् चलन गर्न नहुने मान्यता राख्ने परिवारहरूले ती भाडाँकुँडाहरू विहारमा चढाउँदै गर्दा यो चलन बसेको हो" भन्नु हुन्छ ।

यस विहारमा प्रत्येक दिन विहान वडो भीड हुने गर्दछ र त्यो समयमा भक्तजनहरूलाई जल दिनको निमित्त पूजारीका एक सहायक करुवामा जल लिएर बस्ने गर्दछन् । त्यो जल रोग नासक हुन्छ भन्ने जनविश्वास रहेको पाइन्छ । त्यसैले त्यस्तो जल विरामीलाई खान दिने छर्कने र कीरा लागेका बोटविरुवाहरूमा पनि हाल्ने गरिन्छ ।

प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाको दिनबाट शुरु हुने उक्त मेला एक महिना सम्म चल्ने गर्दछ । यस मेला एक महिनासम्म चलेता पनि विशेष महत्व र भिन्न प्रकारबाट मनाइने मेला चाहिं केवल पाँच दिनको मात्र रहेको छ । यो पाँच दिनको मेला प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमा सम्म चल्ने गर्दछ । त्यसको भोलिपल्छ अर्थात् कार्तिक कृष्ण पक्ष प्रतिपदाका दिन विशेष पूजा होम गरेर व्रत टुङ्ग्याउने गरेको पाइन्छ ।

## ३.३ निर्जला व्रत

निर्जला भनेको एक दिनमा एक कचौरा मात्र पानी पिएर बस्न व्रत हो । यस व्रतमा एक पटक थोरै पानी पिउन पाइन्छ तर अन्य प्रकारका खाने कुरा खान नपाइने नियम छ । यो व्रत बस्नको लागि व्रतालुहरूले विहान सबेरै उठेर एकादशी (हरिबोधनी एकादशी) को दिन स्नान गरी चोखो बस्त्र लगाई घर परिवार सँग अघिल्लै दिन सरसल्लाह गरी दिनको बाह्र बजे भित्र मन्दिरको प्राङ्गणमा पुग्नेगरी परिवारका कसैलाई थाहा नदिई अर्थात् "म गएँ है" नभनी घरबाट हिड्ने गर्दछन् । त्यसैले व्रतालुहरू एक्लै र सुटुक्कै जाने गर्दछन् । त्यहाँ गएपछि विहारका संघ सदस्यहरूले सहयोग गर्ने गर्दछन् जस्तै नङ्ग काट्नको लागि नयनीको व्यवस्था गरिराखेका हुन्छन् उनीहरूले नै नङ्ग काटिदिने गर्दछिन् । यदि व्रतालुहरू पुरुष भएमा नाउले दाह्री, नङ्ग र कपाल खौरने गर्दछन् भने महिला भए केवल नङ्ग मात्र काट्ने काम गर्दछन् । यस कार्य गरेवापत उनीहरूले केही रकम सेवा शुल्क समेत दिनुपर्ने हुन्छ । यसरी सरसफाई गरिसकेपछि व्रतालुहरूलाई बस्नको लागि मन्दिर प्राङ्गण मै पराल

विच्छयाउने कार्य गरिन्छ र ती व्रतालुहरूलाई विभिन्न तीर्थमा स्थनान गर्न लग्ने गरिन्छ । प्रारम्भका वर्षहरूमा ती विभिन्न तीर्थमा स्नान गर्न लैजाँदा तीर्थहरूको परिचय र महिना समेत सुवाउने चलन थियो र तर अहिले स्नान कार्यमा मात्र सिमित रहेको कुरा संघ सदस्य श्री सरोज शाक्य बताउनु हुन्छ । यसरी स्नान गरिसकेपछि अब उनीहरूलाई कसैले पनि छुन पाउँदैन चोखो भएर मन्दिर प्राङ्गणमा बसिसकेपछि र साँझ परपेछि व्रतालुका आफन्तहरूले ओड्ने सिरक, तकिया, ओछ्यान लिएर आउने गर्दछन् ।

व्रतालु भक्तजनहरूले यो पाँच दिनको अवधिभर केही पनि नखाईकन व्रत बस्ने गर्दछन् । केवल पानी मात्र खाने गर्दछन् त्यो पनि जम्मा एक पटक सानो कचौराले एक कचौरा, पूजारीले सधैं एउटै समयमा दिने, एकैपटक खाने नियम रहेको छ । विहारको मुख्य देउता भएको स्थानमा पुजारीले एउटा सानो कलसमा पानी राखेका हुन्छन् । त्यही पानी, जलको रूपमा वितरण गर्ने गरिन्छ । त्यो पानी विहार भन्दा केही तल उत्तर तर्फ झण्डै १/२ कि.मि. को दुरीमा रहेको निदान तीर्थ भन्ने ठाउँबाट प्रत्येक दिन विहान पूजारीले त्यहाँ गई स्थान गरी कसैलाई पनि नछोइकन आफैले ल्याउने गरेका हुन्छन् ।

यदि कुनै व्रतालु बिरामी भएमा उनीहरूलाई औषधी सेवन गर्न अनुमति पनि दिने गरेको पाइदैन । उनीहरूलाई केवल भगवानको नाम मात्र उच्चारण गर्न लगाई, एकमुठी चामल माटाको भाँडामा राख्न लगाई, आफ्नो घरमा घर परिवार जो चोखो निधो गरी बस्नु पर्ने हुन्छ उनीहरूलाई धूपधुवार गर्न लगाउने र व्रतालु आफैले पनि व्रत बसेको स्थानमा धूपधुवार र गर्न लगाई पूजारी स्वयंले प्रार्थना गरी बिसेक बनाउने गरेको पाइन्छ । विरामी स्वयंले त्यसपछि विस्तारै सन्चो हुँदै गएको अनुभव गर्दछन् । त्यसरी विसेक हुन्छ त ? भनी अनुसन्धानको क्रममा पूजारीलाई सोद्धा - "भइहाल्छ नि अहिले सम्म त्यस्तो कुनै अप्रिय घटना घटेको सुनेको छैन तिमी त झन् यहीको मान्छे, तिमीले सुनेका छौ त ?" भनी स्वयं अनुसन्धान कर्तालाई प्रतिप्रश्न गर्दछन् । त्यसैले आजको यस्तो औषधी विज्ञानको जमानामा पनि यो एउटा ठूलो रहस्य को रूपमा पेश भइराखेको छ यसले एउटा ठूलो चुनौती पेश गरिराखेको छ जसले गर्दा यसको अझ सशक्त र व्यापक ढंगमा अध्ययन अनुसन्धान हुनु/गर्नु ज्यादै जरुरी छ ।[२३]

[२३] कच्छपाल महाविहारका थपाजु श्री आशाकाजी शाक्य, वर्ष ८०, चोभार सँग २०६९।५।८ गतेका दिन लिइएको अन्तरवार्ता ।

व्रत बस्ने क्रममा पाँचदिन पाँचवटा तीर्थमा स्नान गर्नु पर्ने हुन्छ । ती तीर्थहरू कुनै अलि टाढै पनि रहेका छन् । भने कुनै कुनै तीर्थहरू थपिदै पनि छन् । त्यहाँ सम्म गएर स्नान गराएर भक्तजनहरूलाई पूजारीले ल्याउने गर्दछन् । स्नान पनि जुन बेला पायो त्यही बेला गर्ने हैन । सामान्यतया दिउँसो ११-१२ बजेको समयमा सबै व्रतालुहरूलाई पूजारी लगायत अन्य संघ सदस्यहरूको सहयोगमा व्रतालुहरूलाई लिएर जान्छन् र विभिन्न तीर्थमा क्रमैसँग एक एक दिन गरेर स्नान गराएर ल्याउने गरिन्छ । यसरी पाँच दिन पाँचवटा तीर्थमा स्नान गर्नुपर्ने हुन्छ । ती तीर्थहरू यस प्रकार रहेका छन् :

१. कार्तिक शुक्लपक्ष एकादशी - बागमती तीर्थ (क्वयना) जलविनायक ।
२. कार्तिक शुक्लपक्ष द्वादशी - जया तीर्थ (नख्खु) मोडर्न इण्डियन स्कुल नजिकै ।
३. कार्तिक शुक्लपक्ष त्रयोदशी - पुण्य तीर्थ (ढुंको पाखा), हिमाल सिमेन्टको पारी ।
४. कार्तिक शुक्लपक्ष चतुर्दशी - निर्मल तीर्थ (क्वय गा), आदिनाथ मा.वि. जाने बाटोमा ।
५. कार्तिक शुक्लपक्ष पूर्णिमा - निधान तीर्थ (चोया गा) आनन्दादि लोकेश्वर जाने खुट्किलाको बाटो ।

छैठौं दिन व्रतालुहरूको विहारमा नै रहेको गन्धर्वेश्वर नजिकै स्नान गर्ने गर्दछन् । यसरी स्नागरीसकेपछि उनीहरूले नयाँ चोखो लुगा लगाउने र त्यहाँ गरिने विभिन्न धार्मिक पूजाहरू जस्तै "होम" मा सहभागी हुने गर्दछन् । यसरी लामो समय झण्डै ३/४ घण्टा सम्म पूजा गर्ने गरिन्छ । त्यसपछि त्यहाँ भएका प्रसाद फलफूल आदि आफन्तलाई बाँड्ने गरिन्छ । पूजा गर्ने क्रममा विमिरो राख्ने गरिन्छ । त्यो विमिरो चाहिं यदि व्रतालु विवाहीता भएमा पुरुष भए आफ्नी श्रीमती अथवा स्त्री भए आफ्नो श्रीमान्लाई र अविवाहित भएमा आफ्नो बाबु आमालाई अथवा प्रेम प्रेमीलाई बाँड्ने गरिन्छ । यसरी उसले अथवा उनले सो विमिरो ग्रहण गरेमा उनीहरू भविष्यमा विवाह गर्न योग्य भए भन्ने धार्मिक मान्यता समेत कायम रहेको पाइन्छ । पूजा यदि व्रतालुहरू व्राम्हण वा क्षेत्री भएमा वैदिक हिन्दु परम्परा अनुसार जग्गे बनाएर पूजा गर्ने गरिन्छ भने वौद्ध व्रतालुहरू भएमा वौद्ध परम्परा अनुसार वज्राचार्य पुरोहित बोलाएर पूजा गर्ने चलन रहेको छ ।

यसरी नै व्रत बस्ने चलन पहिला पहिला नेवार समुदायमा व्यापक रूपमा थियो भने हाल आएर अन्य सम्प्रदाय जस्तै क्षेत्री, ब्राम्हणमा समेत यसरी व्रत बस्ने चलनले व्यापकता पाउँदै गएको छ ।

यसरी व्रत बस्दा आफ्नो परिवारको स्वास्थ्य राम्रो हुने, आर्थिक उन्नति प्रगति हुने तीन पटक सम्म यसरी निर्जला व्रत वस्नु भएका एकजना भक्तजन - श्री सानुबाबु कटुवाल वर्ष ५२ चोभार निवासीका अनुसार एक्त व्रतका प्रभावले उहाँको र उहाँका परिवारजनहरूको उन्नति प्रगति हुँदै आएको छ । गरेका कामहरू सबै सफल भएका छन् । सोचेका कुराहरू सबै पूरा हुँदै गएका छन् । व्रत समापन भइसकेपछि आफन्त साथीभाई, आदिलाई निमन्त्रयण गरी वाजा गाजा सहित जात्रा गरेर भोज खुवाउने चलन यद्यपी विद्यमान रहेको छ । व्रत समापन भइसकेपछि यदि व्रतालुहरूको श्रीमान् अथवा श्रीमतीले छैठौ दिनमा पनि लिन नआएमा त्यसले धार्मिक रूपमा पाराचाुकेको मान्यता पाउने र उसलाई स्वयं आफ्नै बाबु आमाले घरमा नै राख्नुपर्ने चलन रहेको छ । यस्ता घटनाहरू यदाकदा भएका पनि छन् ।

## ३.४. मासव्रत र निर्जला व्रत वस्नेहरूसँग लिइएका घटनाहरू

अध्ययनको क्रममा चोभारको कच्छपाल महाविहारमा एकमहिना चल्ने मास व्रत र यसको पछिल्लो पाँच दिनको निर्जला व्रत वस्नेहरूसँग पछाडी दिइएको प्रश्नावलीको आधारमा निम्न व्यक्तिहरूसँग निम्न घटनाहरूको संकलन गरिएको छ ।[२४]

म यहीं चोभारमा नै बसेको बीस वर्ष भन्दा बढी भैसक्यो । विहान दैनिक यस मन्दिरमा पूजा गर्न आउने गर्दछु । आफ्नो नजिकको मन्दिरमा के-के हुन्छ भन्ने कुरा त थाहा भई हाल्छ नि । म धर्मको लागि, आफू र आफ्नो परिवारको सुखको लागि व्रत बस्न आएको छु । म हिन्दु धर्म मान्छु । घरपरिवारले सक्छौ भने व्रत बस भन्नु हुन्छ । आँट गर्न गारो तर आँटे पछि व्रत बस्न सकिँदो रै छ । कुनै समस्या भएको छैन । ३ चोटी पुग्न आँटी सक्यो व्रत बसेको । एकदमै राम्रो भएको छ । व्रत अवधिमा मैले केहि पनि सपना देखेको

[२४] श्रीमती मीरा तामाङ्ग वर्ष ४१, मोरंग दर्वेसा गा.वि.स. वडा नं २, हाल चोभार ।

छैन । भगवानको शक्तिलाई त मान्नै पऱ्यौ नि । म व्रत बसेको बेलामा कुनै पनि औषधी सेवन गर्दिन ।[२५]

३० वर्ष अगाडि १० वर्षको छोरालाई जीउभरी खटिरा आयो । म त्यस बेला बौद्धमा ज्यामी काम गर्न जान्थे । छोरा मर्छ भनेर ज्यादै पीर लाग्यो - कति रोएँ कति । जहाँ देखाउँदा पनि नाग लागेको भनि पूजा गरे, विसेक नै भएन । ज्यादै पीर पऱ्यो त्यही बेला बौद्धको एकजना गुभाजुले चोभारको करुणामय बारेमा बताएपछि यहाँ आएँ । यहाँकै जलले छोरा ठिक भयो । त्यस पछि यो समेत मेरो त ३ चोटी हुन्छ व्रत बस्न आएको । आफ्नो त्यस्तो प्राण भन्दा प्यारो छोरालाई सन्चो बनाइदिने भगवान प्रति विश्वास लागेर आएको छु । म बौद्ध धर्म मान्छु । म एक्लो छु । मेरो श्रीमान वित्नु भएको ४० वर्ष भइसक्यो । छोराले व्रत बस्न जान्छु भन्दा मानिहाल्यो अनि व्रत बस्न आए । अहिले म खुशी छु । पहिले अल्सर भएकोछ आन्द्रा काट्नु पर्छ भनेको थियो डाक्टरले तर २० वर्ष भयो अहिले सम्म केही पनि भएको छैन । म एकदमै खुशी छु । भगवानले रक्षा गर्नु हुन्छ भन्ने विश्वास छ । व्रतको अवधिमा केही पनि औषधी सेवन गर्नुपरेको छैन ।[२६]

यस व्रतको बारेमा मेरो साथी ज्ञानी महर्जनले भनेर थाहा पाएँ । श्रीमान् खसेको ३० वर्ष भयो । पहिलो चोटी व्रत बस्न आएको छु । आफ्नो घरपरिवारको राम्रो होस् भनेर व्रत बस्न आएँ । म बौद्ध धर्म मान्छु । छोराले त सक्दैन होला, किन जानु पऱ्यो भन्छ तर म आएँ । यहाँ आए पछि ऊ पनि दिनका दिन बेलुका भेट्न आउँछ, खुशी नै छ । राम्रो भएको छ । अरु बेला एकछिन नखाँदा पनि कस्तो हुन्छ तर अहिले त केही पनि खानै मन नलाग्ने हुँदो रै छ । विरामी पनि भएको छैन । भगवान प्रति विश्वास छ । नत्र हामी कसरी बस्न सक्छौं । भगवानले रक्षा नगरिकन कसरी बस्न सकिन्छ । मैले प्रेसरको औषधी खाने गरेको थिएँ । यहाँ आएपछि खानु हुँदैन भन्यो । त्यसैले अहिले केही पनि खाएको छैन । यी मलाई राम्रो भएको छ । केही पनि रोग नलागोस भनी यहाँ आएर व्रत बसेको छु ।[२७]

व्रतको बारेमा थाहा नै हाल्छ नि, म यही बस्ने मान्छे । धर्मको लागि, परिवार सुखको लागि म व्रत बस्न आएँ । म पहिलो चोटी यहाँ व्रत बस्न आएको छु । म बौद्ध धर्म

---

[२५] ज्ञानी महर्जन, मुसुम बहाल वडा नं. १२, ६९ वर्ष ।

[२६] बुद्धमाया महर्जन, चागल, स्वयम्भू-६५ वर्ष ।

[२७] शोभा शाक्य, ३९ वर्ष, चोभार-१४ ।

मान्दछु । परिवारले ठिकै छ, सक्छौ भने बस भन्नु हुन्छ । एकदम राम्रो, आनन्द, कुनै चिन्ता नै नभए जस्तो अनुभव गरेकी छु । हिजो भने अलि गारो भएको थियो, रिंगटा लागे जस्तो भएको थियो । चुपलागेर सुतेर बसें त्यसपछि ठिक भयो । म त सपना धेरै पटक नै देख्छु । म यहाँ त देउताको स्याहार गरेर बसेको देख्छु । म बारम्बार सपनामा लोकेश्वर आफ्नै घरमा आएको, मेरो व्रत बस भनेको सपना देख्छु । भगवान प्रति विश्वास छ त्यसैले व्रत बस्न आएको छु । व्रतको समयमा कुनै औषधीको सेवन गरेको छैन ।[२८]

म यहाँ पहिलो चोटी व्रत बस्न आएको हुँ । म स्वयम्भू गइरहेको थिए, त्यहाँ मेरो साथी बुद्धमाया महर्जनको पनि घर छ । उसलाई भेट्न जाँदा नभेटेपछि सोद्धा- अरु साथीहरूले चोभारमा बस्न गएको छ भन्यो त्यसपछि घरमा गएर श्रीमान सँग कुरा गरी आएँ । नुहाई धुहाई गरी म त आइहाल्यें । अरु मान्छेहरू व्रतको तयारी गर्न नङ्ग काटीरहेको देखेर म पनि नङ्ग काटी यहाँ बसें । हामी बौद्ध धर्म नै मान्ने गर्दछौ । मेरो सासुलाई स्याहार्ने मान्छे पनि छ । मेरो छोरा आइरहेको छ । त्यसैले मलाई भगवानले तानेर यहाँ ल्यायो । म एकदमै खुशी छु । आफ्नो परिवारको राम्रो होस् रोग नलागोस् भनेर व्रत बसें । चोभारमा मलाई पहिले देखि नै व्रत बस्न मन लागेको थियो । अहिले साईत जुर्‍यो । अहिले मलाई केही पनि समस्या भएको छैन । खराव सपना देख्दिन । भगवानप्रति विश्वास छ ।[२९]

यहाँ म धेरै पहिला देखि नै कार्तिक महिना भर दर्शन गर्न आउने गर्थे । पहिला देखिनै व्रत बस्न मन लागेको थियो, यस पाली चाहिं जुर्‍यो । धर्मको लागि व्रत बस्न आएँ । हामी हिन्दू धर्म मान्छौं । पहिला पहिला त घर सल्लाह गरियो तर आउने बेला चाहिं खुसुक्कै आइयो । श्रीमान् भेट्न आइसक्नु भयो । एकदमै ठिक छ । आनन्द छ । अहिले त केही पनि भएको छैन । हिजो अलि टाउको दुखेको थियो, पछि आफै सन्चो भयो । व्रत अवधिमा केही पनि सपना देखेको छैन । मेरो मितिनीले भनेको पहिल पहिले त्यो स्नान गर्ने तीर्थमा वेलुका पानी छैन भनेपनि भोलिपल्ट पूरै पानी हुन्थ्यो रे । भगवानको शक्ति अपरम्पार छ ।[३०]

---

[२८] सूर्यमाया महर्जन, बनस्थली-४४ वर्ष ।

[२९] धन बुढाथोकी-५२ वर्ष, टौदह ।

[३०] राममाया कार्की, टौदह, कीर्तिपुर नगरपालिका -१५, ४२ वर्ष ।

१०/१५ वर्ष अगाडि देखि सम्भना मात्रै थियो पोहोर जुठो परेर बस्न पाइएन । यसपाली चाहीं आँट गरेर बस्न आएँ । हाम्रो घर परिवारलाई राम्रो होस् भनेर बस्न आएको । मेरो ३ वटी छोरी छोरी मात्रै थिए । माइजूको सल्लाह अनुसार भगवानको दर्शन गर्न म दिनका दिन आउँथे, अहिले छोरो पनि पाइहालें अब त्यसको राम्रो होस् भनेर यहाँ व्रत बस्न आएकी हुँ । हामी हिन्दु धर्म नै मान्छौं । घरमा सल्लाह गरेको थिएँ श्रीमानले पर्दैन भन्नु हुन्थ्यो, तर म त आएँ । अहिले सम्म केही पनि भएको छैन । मलाई प्रेसर एकदमै लो हुन्थ्यो । घरमा तर अहिले केही पनि नखाइकनै पनि म एकदमै आनन्दले सुत्न सकेकी छु । घरमा हुँदा तीन/चार चोटी खानु पर्ने मान्छे । प्रेसर लो भन्दौ खाँदै गर्नुपर्ने मान्छे अहिले केही पनि नखाइकन पनि एदकमै ठिक छु । यी बसी राखेकी छु । भगवान प्रति विश्वास छ किन नहुनु त्यही भएर त यहाँ आएँ ।[३१]

हामी प्रायजसो विदाको दिनमा बिहान बिहान मन्दिर आउने गर्थ्यौं । यसरी मन्दिर आउँदा अरु मान्छेहरू बसेको देखेर मनमा आफू पनि बस्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । यसपाली चाही आएँ । यो सहित मेरो यहाँ व्रत बस्न आएको ३ चोटी भैसक्यो । भगवान प्रति एकदमै विश्वास छ । सुख शान्ति र प्रगतिको लागि यहाँ व्रत बस्न आइरहेको छु । म हिन्दु धर्म मान्छु । घर परिवारसँग सल्लाह गरेरै यहाँ व्रत बस्न आएको हो । उहाँहरू सकारात्मक नै हुनुहुन्छ त्यही भएर त ३ चोटी पुऱ्याउन लागि सकें नि । प्रत्यक्ष रूपमा मैले आफैं अनुभव गरिराखेको छु । आनन्द छ, एकदमै खुशी छु । शुरुमा व्रत बसेको, कुण्डमा नुहाउन गएको साथीसँग आदि इत्यादि यस्तै यस्तै सपना देख्न गर्छु । भगवानप्रति विश्वास छ ।[३२]

यस व्रतको बारेमा साथीको माध्यमद्वारा थाहा पाएको हो । अहिले सम्म म केहीको पनि व्रत बसेकी छैन । साथीले भन्यो त्यसपछि कस्तो हुँदो रहेछ भनेर जाँच गर्नको लागि पनि म यहाँ व्रत बस्न आएकी हुँ । म हिन्दु धर्म मान्छु । तैंलै के सक्लिस र ! तैपनि त व्रत बस्छु भन्छेस् ! बस भन्नुभयो आमाले । पेट एकदमै टन्न भएको जस्तो अनुभव भएको छ । भगवानको लागि केही पनि नखाउँ जस्तो लाग्छ । घरमा हुँदा बेला बेलामा खाइरहनु पर्ने मान्छ । समय मिलाएर नखाएमा एकदमै टाउको दुख्थ्यो तर अहिले त केही पनि भएको छैन ।

---

[३१] शोभा थापा - शैंभु भैसेपाटी-२३ वर्ष ।

[३२] सनिमा थापा, २२ वर्ष, शैंबु भैंसेपाटी ।

मलाई भगवान प्रति एकदमै विश्वास छ । आफ्नो घरपरिवारलाई राम्रो हुन्छ, आफ्नो पनि इच्छा पूरा हुन्छ भन्ने विश्वासले नै त म यहाँ व्रत बस्न आएको छु ।[३३]

मेरो घर पहिला यहीं चोभार चारघरेमा हो । मैले मेरो हजुर आमालाई पहिला आफैले यहाँ बस्न पठाएको थिए । उहाँ अहिले त बितिसक्नु भयो । त्यस पछि मैले प्राय जसो सधैं हजुरआमालाई सपनामा देख्ने गर्दथें । अरु सँग कुरा गर्दा सबैले एक चोटी मन्दिरमा व्रत बस्न जानु पर्‍यो भन्ने सल्लाह दिए । त्यस पछि मलाई पनि जाउँजाउँ लाग्या । अहिले सम्म लगातार ४ पटक यहाँ व्रत बस्न आएँ । धर्मको लागि, घरपरिवारको सुखको लागि म यहाँ व्रत बस्न आएकी हुँ । म हिन्दु धर्म मान्छु । बुवालाई त केही पनि भनिन, आमालाई र भाउजुलाई भनेर सल्लाह गरेर आएकी हुँ । म जति सक्छु त्यति गर्छु, दान पनि सिमित मात्रामा गर्छु र लाख बत्ती बाल्छु भनेर आएँ । यहाँ व्रत बस्दा ३ चोटी पुर्‍याउनु पर्छ भन्ने मान्यता रहेको हुनाले, पोहोर पनि आएँ यसपाली पनि म त सक्छु नि म भन्दा कस्ता कस्ता पाका उमेरका त बसेका छन्, म पनि सक्छु भनी आएँ । एकदमै आनन्द, एक चोटी जल खाएपछि टन्न भएको महसुस गरेकी छु । यो बेलामा दिएका जल एकदमै मिठो हुन्छ । त्यो एकचोटी दिएको जल खाएपछि मलाई एकदमै आनन्द भएको छ । केही समस्या भएको छैन । पेट कराउने, पेट दुख्ने, टाउको दुख्ने आदि इत्यादि केही पनि भएको छैन । मलाई भगवानप्रति एकदमै विश्वास छ । मलाई यो मेला आएपछि कसो कसो आदिनाथ जाउँ जाउँ लाग्छ । भगवानको शक्ति नभएको भए यत्रो बाटो हिड्नु पर्छ कसरी सकिन्छ त । यी सबैजनाले सकेकै छन् । मलाई अहिले सम्म केही पनि रोग छैन । त्यसैले यहाँपनि विरामी परेको छैन ।[३४]

हाम्रो घर नै यही हो । मन्दिर आउँदा मलाई यो व्रतको वारेमा थाहा भइहाल्छ नी । मेरो सासु, ३ जना छोरीहरू सबै पहिला यहाँ व्रत बसेर गैसकेका छन् । उनीहरू सबैजना खुशी छन् आनन्द नै मानिरहेका छन् । भगवानको शक्ति एकदमै छ त्यसैले म पनि यहाँ बस्न आएँ । म हिन्दु धर्म मान्छु । व्रत गरेपछि ठूलो छोरोले ठैवमा काम पायो । सानो छोरा इण्डियामा पढ्न गएको त्यही काम पायो । त्यसैले भगवान प्रति मलाई एकदमै विश्वास भएर नै यहाँ व्रत बस्न आएको । घर सल्लाह गरेर नै आएको हो । पर्वतेहरूको भन्दा हाम्रो

---

[३३] अम्बिका बस्नेत, ५६ वर्ष, जावलाखेल, ललितपुर ।

[३४] चिरीमाया महर्जन- तल्लो गुठ, कीर्तिपुर नगरपालिका १४ नं. वडा, ५० वर्ष ।

एकदमै गाह्रो छ, किनकी व्रत पछि भोज खुवाउनु पर्छ, धेरै पैसा खर्च हुन्छ, त्यसैले अहिले सक्ने बेलामा नै यहाँ व्रत बस्न आएको छु । जीउ एकदमै हलुका भएको छ । खान मन लाग्दैन, आनन्द नै छ । मेरो एकदमै घुँडा दुख्थ्यो । जति औषधी खाँदा पनि भएन, अहिले यहाँ आएपछि घुँडा पनि दुखेको छैन । मलाई निन्द्रा लागेको छैन, त्यही पनि केही समस्या भएको छैन । एकदमैं आनन्द छ, रमाइलो छ । भगवान प्रति विश्वास छ ।[३५]

हामी पहिला देखि नै पूर्णिमाको दिनमा सधै यस विहारमा दर्शन गर्न आउने गर्दथ्यौं । त्यसैले यस व्रतको बारेमा मलाई पहिला देखि नै थाहा थियो । यसपाली पनि भगवानले तानेर ल्याउनु भयो । आउँ आउँ लाग्यो त्यसैले आएँ । आफ्नो घर परिवारको सुख, शान्ति र रोग नलागोस् भनेर यहाँ व्रत बस्न आएको छु । म बुद्ध धर्म मान्छु । घरमा सल्लाह गरेर नै आएको हो तर बन्दले गर्दा आउन एकदमै गाह्रो भयो । मेरो श्रीमान्ले यसपाली गएर क्षमा पूजा मात्र गरेर आउ अब अर्को पाली बसौला भन्नु भएको थियो तर यहाँ आउँदा त अरु साथीहरू पनि बसेको देखें म त यहीं बसें, श्रीमान पनि खुशी हुनु भयो । अहिले एकदमै आनन्द र रमाइलो महसुस गरिराखेको छु । भगवानले शक्ति दिनु भएको छ । पहिला त एकदमै पानी कम खाने गर्दथें । त्यसपछि ३/४ वर्ष अगाडि पेट एकदमै दुखेर आयो । धेरै अस्पताल जानु पऱ्यो । डाक्टरले एउटा किड्नी खराब भैसक्यो भनेर निकाली दिए । मेरो एउटा मात्र किड्नी छ तै पनि मलाई केही समस्या भएको छैन । यी आनन्दले बस्न सकेको छु । केही खानै मन लाग्दैन । एक कचौरा पानी खाँदा पनि पेट टन्न भएको छ । आनन्दै छ । यहाँ बस्न आउने भने देखि नै सपनामा देउतालाई देख्ने, कपडा चढाएको देख्ने गर्दथें । त्यसैले जाउँ जाउँ लाग्यो, अनि आएँ । भगवान प्रति एकदमै विश्वास छ । भगवानले रक्षा गर्नुहुन्छ, शक्ति दिनुहुन्छ जस्तो लाग्छ ।[३६]

हामी यहीं नजिकै बस्ने भएको हुँदा सधैं यहाँ आउने गर्दछौं । यसपाली चाहिं मलाई पनि व्रत बस्न एकदमै मन लाग्यो त्यसैले आएँ । म धेरै रोगी छु । मेरो विभिन्न अपरेशनहरू भएको छ । मुटुको औषधी खाइरहेको छु । त्यसैले रोग नलागोस् घर परिवार सबैलाई राम्रो होस् सुख प्राप्त होस् भनेर नै व्रत बस्न आएको छु । म हिन्दु धर्म मान्दछु । घरमा सल्लाह गरेरै आएको हुँ । घरमा श्रीमानले त पर्दैन नजाऊ, तिमी सक्दिनौ भन्नु भएको थियो । तर

---

[३५] तुलसी माया महर्जन, ५३ वर्ष, ठेचो ।

[३६] सानुमाया कार्की, ६३ वर्ष, टौदह, कीर्तिपुर नगरपालिलका वडा नं. १५ ।

एकचोटी प्रयास गर्छु भनेर आएँ । अहिले राम्रौ छ । खुशी नै छु । पहिला त सक्दिन जस्तो लागेको थियो, अहिले त मज्जाले बसिराखेको छु । पहिलो दिन त एकदमै गारो भयो । रातभरि सुत्न पनि सकिन । गुरुजुले धुप धुवाँर गर्दिनु भयो । त्यसपछि विस्तारै ठिक भयो । भगवान प्रति एकदमै विश्वास छ । शक्ति पनि छ भन्ने कुरा मैले प्रत्यक्ष अनुभव गरिराखेको छु । रोग त धेरै नै छ । पहिला पहिला सधैं औषधी खाने गर्दथें । यहाँ बस्दा त केही पनि औषधी खाएको छैन । पहिलो चोटी बसेको हो, ठिकै छ, राम्रै छ, बस्न मज्जाले सकिंदो रहेछ जस्तो लागेको छ ।[३७]

म यो मन्दिर आउन थालेको नै बीस वर्ष भैसक्यो । हामी यहीको मान्छे व्रतको बारेमा थाहा भई हाल्छ नि । कतिपय दीर्घ रोगहरू निको हुन्छ, जगतको कल्याण होस घरपरिवारको सुखको लागि भगवानलाई प्रार्थना गरिराखेको छु । छोराको पनि राम्रै भयो, इण्डियामा पढ्न गएको थियो पढाइ सकाएर त्यहीं काम पायो, त्यसैले मेरो भाकल पनि थियो, करुणामयको कृपाले मेरो पनि राम्रो भयो, अरुको पनि राम्रो होस् भनेर व्रत बस्न आएको । म हिन्दु धर्म मान्दछु । म घरपरिवारलाई सल्लाह गरेर बस्न आएको हो । यसपाली जग्मा २९ जना महानुभावहरूको उपस्थिति छ । हेर्नुहोस् न यस्तो जाडो समयमा पनि यस्तो खुल्ला ठाउँमा बस्दा पनि न्यानो भएको अनुभव गरिराखेको छु । म त मलाई मात्रै हो की क्या हो भन्ठानेको थिएँ तर अरु सँग कुरा गर्दा पनि यस्तै अनुभव गरेको कुरा मलाई बताउँदा साह्रै खुशी लागेको छ । एकदमै आनन्द र रमाइलो अनुभव गरिराखेको छु । मलाई प्रेसर छ । औषधी सेवन गरिराखेको छु । डाक्टरले औषधी छोड्न मिल्दैन भन्नु भएको थियो । तर भगवानको शक्तिले गर्दा यहाँ सल्लाह गर्दा औषधीहरू केही पनि खानु पर्दैन भन्नु भयो ण्अहिले औषधी छोडेको छु । सबै राम्रो भएको छ । केही समस्या छैन । भगवानप्रति एकदमै विश्वास छ । भगवानको शक्ति गजवको छ । आफैले अनुभव गर्न पाएँ । एकदमै शक्तिशाली हुनुहुन्छ । सम्पूर्ण जगतको कल्याण होस् भन्ने प्रार्थना गरिराखेको छु । पहिले म प्रेसरको औषधी सेवन गर्थे अहिले व्रत वस्दा सेवन गर्ने गरेको छैन ।[३८]

हाम्रो त इष्ट देवता नै करुणममय लोकेश्वर अर्थात् आदिनाथ हुन् । आफ्नो इष्ट देवता र यसमा बसिने व्रतको बारेमा थाहा भइहाल्छ नि । मेरो बूढी सासु पनि धेरै पहिला

---

[३७] मनोहरिलाल महर्जन, ५४ वर्ष, कीर्तिपुर गरपालिका वडा नं. १४, माथिल्लो गुठी ।

[३८] महालक्ष्मी कार्की, ५१ वर्ष, चोभारगेट, कीर्तिपुर नगरपालिका वडा नं. १३ ।

यसरी नै यहाँ तीन चोटी व्रत बस्नु भएको थियो भन्ने सुनेको थिएँ त्यसैले २/३ वर्ष अगाडि देखि यहाँ आउने प्रयास गरेको थिएँ, यसपाली चाँहि साईत जुर्‍यो । भगवान्ले ल्याउनु भयो । परिवारको सुखको लागि, शान्तिको लागि म यहाँ ब्रत बस्न आएँ । म हिन्दु धर्म मान्छु । पहिला पहिला पर्दैन व्रत बस्न, सक्दैनौ भन्नु हुन्थ्यो श्रीमान् र घर परिवारले तर यहाँ व्रत बस्न आइहाँले, खुशी नै हुनुहुन्छ । शुरुमा त मलाई एकदमै गारो भयो तर पछि पछि मलाई केही पनि भएको छैन, आनन्दै छ । रमाइलो नै अनुभव गरिराखेको छु । केही पनि समस्या भएको छैन । भगवान प्रति एकदमै विश्वास छ । व्रत वसेपछि अहिलेसम्म कुनै पनि औषधी सेवन गर्नु परेको छैन ।

यसरी वि.सं. २०६७ सालमा ३० जना व्रतालुहरू, ०६८ सालमा २५ जना र २०६९ सालमा २९ जना व्रतालुहरूले यस कच्छपाल महाविहारमा मास व्रतमा भाग लिएको कुरा विहार व्यवस्थापन कमिटीका सदस्य श्री सुनिल शाक्य बताउनु हुन्छ । माथि लिइएको अन्तर्वार्ता वि.सं. २०६९ सालमा लिइएको हो । यस बाट के निष्कर्ष निकाल्न सकिन्छ भने के महिला, के पुरुष, के क्षेत्री, के नेवार, के युवा, के बृद्धा सबैले बडो हार्दिकताका साथ, भगवान् प्रति अटुट विश्वासका साथ यस विहारको व्रत बस्ने गरेको देखिन्छ ।

मानिसहरूको धर्मप्रतिको अगाध विश्वास पनि माथिको घटनाबाट स्पष्ट हुन्छ । भगवानको शक्ति कति छ, आँट्यो पछि सधैं औषधी खानुपर्ने मानिसहरू समेत विना औषधी ५/५ दिन सम्म बडो उत्सुकताका साथ व्रत बस्नु, लामो हिँडाईमा समेत थकाई नलाग्नु एउटा अचम्मकै कुरा हो भनी प्रष्ट सँग भन्न सकिन्छ । त्यसैले के बौद्ध, के हिन्दू, के युवा, के बृद्धा, के महिला, के पुरुष सबैजना धर्मको निमित्त, आफ्नो र परिवारको सुखको निमित्त कच्छपाल महाविहारमा निर्जला व्रत बस्ने गरेका छन् ।

यसरी कच्छपाल महाविहारले सामाजिक जन जीवनमा ज्यादै नै ठूलो प्रभाव पारेको छ । जन्म देखि अझ भन्ने नै हो भने जन्मनु भन्दा अगाडि देखि चूँडाकर्म, बैवाहिक सम्बन्ध, बिछोड, मृत्यु संस्कार कार्यमा समेत यस विहारका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव देखिन्छ । यो आजको नयाँ पिँढीका लागि ज्यादै नै महत्वपूर्ण समेत रहेको छ । यसले सामाजिक बन्धनमा बाँध्नको लागि समेत एउटा महत्वपूर्ण केन्द्रको रूपमा भूमिका निर्वाह गरेको देखिन्छ । मानिसलाई अझ बढी जिम्मेवारी, कर्तव्य परायण र लगनशील एउटा सामाजिक वातावरणलाई समन्वयकारी भूमिका निर्वाह गर्न पनि सहयोग गरेको छ ।

मानिसहरूको धर्मप्रतिको अगाध विश्वास पनि माथिको घटनाबाट छर्लङ्ग हुन्छ । यसरी कच्छपाल महाविहारले सामाजिक जन जीवनमा ज्यादै नै ठूलो प्रभाव पारेको छ । जन्म देखि चूँडाकर्म, वैवाहिक सम्बन्ध, पारपाचुके, मृत्यु संस्कार कार्यमा समेत यस विहारले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । व्रत प्रति स्थानीयको विश्वास ठूलो रहेको देखिन्छ । उनीहरू भन्दछन् कि निरन्तर औषधी खानुपर्ने बिरामीहरू पनि चोभार करुणामयको एक महिने व्रत बसेमा कुनै पनि औषधी खानु पर्दैन भन्ने विश्वास गर्दछन् ।

## ३.५ नेखु चाया

प्रत्येक वर्ष चैत्र कृष्ण पक्ष अष्टमी अर्थात् चैते दशैका दिन मनाइने नेखु चाया जात्रा कच्छपाल महाविहारमा मनाइने प्रमुख जात्रा मध्ये एक हो । नेखु चाया भन्ने शब्दको अर्थ हुन्छ “नख्खु खोला तार्ने” जसले कच्छपाल महाविहारमा रहेको मुख्य देउता लोकेश्वरको उत्पत्ति सँग ज्यादै गहिरो सम्बन्धमा राख्दछ । यस जात्रा मनाइने क्रममा विहारबाट लोकेश्वरलाई ल्याएर स्नान गर्ने स्थान नख्खु खोला नजिक राखिन्छ । पूजा गर्ने सिलसिलामा गुरुज्यूहरूबाट लोकेश्वरको नामसंगिती पाठ गरिन्छ । दुई जना पुजारीहरूले त्यसपछि खोलामा गएर नहाउने अनि नन्द ग्वालाले एउटा बाँसको लठीले खोलामा देखाउने गर्दछन् जसको अर्थ उसका पूर्खाले यही ठाउँमा लोकेश्वरको मर्ति फेला पारेका थिए भन्ने सांकेतिक अर्थ राख्दछ । थपाजुले विभिन्न पूजागर्ने सामग्री जस्तै गाईको दुध, विभिन्न फुल, घ्यू मह आदि राखेर पूजा गर्दछन् । त्यसको ठीक अलि तल दुई जना पुजारीहरू कलस लिएर बसिरहेका हुन्छन् र त्यही कलशमा थपाजुले चढाएका सामग्रीहरू राख्ने गर्दछन् जसको अर्थ यसरी मूर्ति फेला पारिएको हो भन्ने हुन्छ र त्यस पछि सबै भक्तजनहरूले त्यही खोलामा नुहाउने गर्दछन् । त्यसरी राखिएको कलसलाई दिनभर नै त्यही खोलाको किनारमा राख्ने गरिन्छ । त्यहाँ विभिन्न ठाउँबाट आएका भक्तजनहरूले पूजा गर्ने कार्य दिनभर नै चलिरहन्छ र साँझ परेपछि बाजागाजा सहित बत्ती बाली श्रद्धालु भक्तजनुहरू ब्रत बसी भजनहरू गाएर सँगसँगै माथि डाँडामा कलसलाई लिएर जाने गरिन्छ ।

चैत्र शुक्ल द्वितीय देखि चैत्र शुक्ल सप्तमीका दिन सम्म सानागाउँ ललितपुरबाट आएका पूजारीहरूले लोकेश्वरको मूर्तिलाई सफा गर्ने, अनुहार सिंगार्ने आदि कार्यहरू गर्ने गर्दछन् । यसरी ती पुजारीहरू हरेक दिन सानागाउँबाट पैदल नै आएर आफ्नो कामहरू गर्ने गर्दछन् र साँझ पुनः पैदल नैं फर्कने गर्दछन् । यो कार्यलाई स्थानीय भाषामा “ल पू

चायाग" भन्ने गरिन्छ । यसरी मूर्तिलाई सिंगारी सकेपछि त्यही विहार परिसरमा रहेको डवली जसलाई "इ दबु" भन्ने गरिन्छ त्यहाँ राख्ने गरिन्छ । यो कार्य चैत्र शुक्ल सप्तमीमा गर्ने गरिन्छ । यो रात गुरुज्यूबाट विभिन्न धार्मिक गतिविधिहरूका साथ दश कर्म संस्कार गर्ने गरिन्छ । भोलिपल्ट विहान बाजागाजा सहित मूर्तिलाई खटमा राखी विहार परिक्रमा गराई नख्खु खोलामा लगि जात्रा मनाउने गरिन्छ ।

यस सम्बन्धमा कच्छपाल महाविहारका संघ सदस्य यसरी बताउनु हुन्छ - धेरै पहिला यस जात्रा मनाउने क्रममा यहाँ रथ जात्रा गर्ने गरिन्थ्यो । एक पटक जात्रा मनाउँदै गर्दा ठूलो आँधी हुरी चल्यो । सबै भक्तजनहरू आ-आफ्नो सुरक्षित स्थान तिर लागे । केही पुजारीहरूले मात्र रथलाई कुर्ने काम गरे । मानिस कम भएको समयमा भोटबाट आएका मान्छेहरूले मूर्ति चोरेर लगे त्यही समय देखि मात्र केवल कलस र खट जात्रा मात्र गर्न थालिएको हो ।[३९]

यसरी नै किन जात्रा नख्खुमा नै मनाइयो भन्ने प्रश्नलाई प्रष्ट पार्न श्री शाक्य भन्नुहुन्छ - किंवदन्ती अनुसार यसरी चोरेरे लगेको लोकेश्वरको मूर्ति थसी भन्ने ठाउँसम्म पुऱ्याउँदा त्यहाँबाट केही गरेपनि लान नसकेपछि त्यसलाई त्यही छोडी ती भोटका मानिसहरू भागेका र त्यो मूर्ति त्यहाँ राख्दा ठूलो आँधी हुरी, असिना आई बाली ध्वस्त भएको हुनाले स्थानिय मानिसहरूले त्यही मूर्तिको कारणले यसो भएको हो भनी उक्त मूर्तिलाई खोलामा फालेका थिए । खोलाले बगाएर ल्याएको मूर्तिलाई नख्खु खोलामा गाईले सधैं दिउँसो दुध चढाउने गर्दथ्यो । यसरी दुध चढाएको स्थानमा खनेर हेर्दा लोकेश्वरको मूर्ति फेला पारिएको हो भन्ने भनाई समेत रहेको पाइन्छ ।

अर्को एक भनाई अनुसार ई.सं. १३०९ तिर रथ दानगा हालको बल्खु खोला नजिक भासिन पुग्यो । केही गरेपनि रथ खोलाबाट निकाल्न सकिएन रात पऱ्यो र त्यही रथ छोडी केही मानिसहरू मात्र बसी अरु घर फर्के । त्यसको मौका छोपी केही भोटका मानिसहरूले उक्त मूर्तिलाई छोपी चोरी भोटतर्फ लगे भन्ने भनाई रहेको पाइन्छ ।[४०]

---

[३९] आनन्दादि लोकेश्वरका संघ सदस्य श्री इन्द्रवहादुर शाक्य, वर्ष ६५ चोभारका संग मिति २०६९।५।२ गते लिएको अन्तरवार्ता ।

[४०] यमुना महर्जन, *अ कल्चरल स्टडी अफ चोभार,* एम.ए. शोधग्रन्थ, २००३ संस्कृति केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

कच्छपाल महाविहार एउटा छुट्टै विशेषता बोकेको महाविहार हो । यहाँ जीवनमा गरिने सम्पूर्ण कार्य जसले सामाजिक परिवेशमा प्रभाव पार्दछन् ती सबै कार्यहरू गर्ने गरिन्छ । मृत आत्माको चिरशान्तिको कामना गर्दै आफन्तहरूले विहारमा भाँडाकुँडा चढाउने देखि वैवाहिक सम्बन्धमा कायम गराउने, धार्मिक रूपमा पारापाचुके हुने र पुनः मिलनको कुराहरू समेत यो विहार सँग सम्बन्धित छ । यहाँ समाजमा गरिने विभिन्न धार्मिक गतिविधिहरू समेत गर्ने गरिन्छ । यस्ता गतिविधिहरूमा व्रत बस्ने, स्नान र पूजा विधिहरू पर्दछन् ।

## ३.६ न्वहान (स्नान)

प्रत्येक वर्षको चैत्र शुक्ल प्रतिपदाका दिन लोकेश्वरको स्नान कार्य गर्ने गरिन्छ । यसलाई स्थानिय भाषामा “न्वहान” भन्ने गरिन्छ । यसलाई स्थानिय भाषामा “न्वहान” भन्ने गरिन्छ । यसरी नै अन्य करुणामयहरूमा जनबहा, काठमाडौं, रातो करुणामय, पाटन, श्रृष्टिकान्त करुणामय नाला र चोबाहा करुणामय चोभारमा पनि यही दिन स्नान गर्ने गरिन्छ । चैत्र शुक्ल पक्ष प्रतिपदाको दिन बिहान विभिन्न धार्मिक क्रियाकलापहरू पूरा गरिसकेपछि गाई शुद्ध दुध सानो कचौरा बराबरकोले सर्वप्रथम लोकेश्वरलाई स्थान गराउने गरिन्छ । यो चाही केवल औपचारिक स्नान मात्र हो । यसैको साँझ भने धुमधामका साथ स्नान कार्य गर्ने गरिन्छ । मूर्तिलाई “न्वहान दबु” मा राखिन्छ र बाजागाजा सहित धार्मिक विधि अनुसार स्नान कार्य गर्ने गरिनछ । यो कार्य गर्दा लोकेश्वरको मूर्ति भएको ठाउँमा बिहार भित्र चाही केवल कलस मात्र राख्ने गरिन्छ । यस पर्वमा साना गाउँबाट आएका नेमकुल जो व्रत बसेर सेतो लुगा जामा र भोटो लगाएर आएका हुन्छन् । उनीहरूले देखि बाहेक अन्यले मूर्तिलाई छुन पाउँदैनन जसको सङ्ख्या २/३ जना सम्म मात्र हुन्छन् तिनीहरूले लोकेश्वरको मूर्तिलाई सिँगार्ने काम गर्दछन् । साँझको स्नान चाहीं सम्पूर्ण स्थानिय जनताको हितको लागि उत्तररोत्तर प्रगतिको लागि, सुख र शान्तिको लागि गरिएको हो भन्ने विश्वास रहेको पाइन्छ । स्नान गर्ने क्रममा गुभाजुहरूले विभिन्न मन्त्रहरू उच्चारण गर्ने गर्दछन् । विभिन्न पुजाहरू हुन्छन् । चारकुनामा चारजना पुजारीहरू सिलाभरको गाग्रोमा पानी र दुध लिएर बसेका हुन्छन् । दुईजना नेमकुल र दुईजना चोभरकै पुजारीहरू हुने गर्दछन् । गुभाजुले सङ्केत गरेपछि चारै जनाले एकैचोटी मूर्तिलाई स्नान गराउने गरिन्छ । स्नान गर्दा मूर्तिको सम्पूर्ण कपडाहरू खोल्ने गरिन्छ । त्यसपछि अर्को नयाँ कपडा

लगाईदिने गरिन्छ । स्नान गर्दा नख्खु खोलाबाट पानी ल्याउने गरिन्छ । दस स्नान पर्वमा पाटन लगायत चोभार वरिपरिका अन्य गाउँहरूबाट समेत ठूलो सङ्ख्या भक्तजनहरूको उपस्थिति रहने गर्दछ । स्नान गरेपछि त्यसको जल सम्पूर्ण भक्तजनहरूलाई छर्कने गरिन्छ ।

स्नान कार्य समापन भैसकेपछि नेमकुलहरूले नै उक्त मूर्तिलाई विहार भित्र कलस भएको ठाउँमा पनः राख्ने गर्दछन् । भोलिपल्ट विहान मुक्त मूर्तिलाई नेमकुलहरूले नै बाहिर निकाली तातो पानीले नुहाईदिने कार्य गर्दछन् । त्यसपछि सातौं दिन सम्म उक्त मुर्तिको स्याहार सुसार नेमकुलहरूले नै गर्ने गर्दछन् । सातौं दिनको दिन उक्त मूर्तिलाई विहारको दक्षिण तर्फ रहेको सतलमा राख्ने गरिन्छ । जसलाई स्थानिय भाषामा "बराहा तयेगु" भन्ने गरिन्छ । त्यसको भोलिपल्ट अर्थात् चैत्र शुक्ल पक्ष अष्टमीको दिन नेखु चाया जात्रा मनाउने गरिन्छ ।

# अध्याय चार

# संघ परम्परा र गुठीहरू

## ४.१ कच्छपाल महाविहारको संघ संरचना

काठमाडौं उपत्यकाका अन्य विहारहरूमा जस्तै आनन्दादि लोकेश्वर स्थापना गरिएको यस विहारमा पनि दैनिक पूजा, विभिन्न पर्वहरूमा लोकेश्वर सम्बन्धी धार्मिक एवम् सांस्कृतिक कार्यक्रम तथा विहारको सुरक्षा सम्भार आदि कार्यहरू व्यवस्थित रूपमा सम्पादन गर्न आफ्नै छुट्टै संघ स्थापना गरिएको छ । साधारणतयः विहारको पूजाआजा, सुरक्षा, सम्भार गरी बौद्ध आचरणको पालना गरी विहारका वरिपरि परम्परा देखि बसोबास गर्दै आएका परिवारका सदस्यहरू मध्येबाट यस विहारका सदस्य बनाइन्छन् । विहारको सदस्य बन्नको निमित्त चूडाकर्म गरिएको हुनुपर्ने नियम छ । सम्पूर्ण संघ सदस्यहरू शाक्य परिवारमा सीमित भएको यस विहारमा अन्यत्रबाट बसाईसरी आएका व्यक्तिहरूबाट जन्मेका छोराहरूलाई चूडाकर्म गर्ने अनुमति प्रदान गरिदैन र तर त्यस्ता परिवारका बालकहरूलाई विहार सँगैको अमिताभ बुद्धको मूर्ति अगाडि चूडाकर्म गराइने व्यवस्था मिलाइएको पाइन्छ । सङ्ख्यात्मक दृष्टिकोणबाट न्यून्तम संघ संङ्ख्या भएको विहारको रूपमा चिनिने यस विहारमा सदस्यहरूको कुल सङ्ख्या ८० मात्र रहेको छ भनी संघ सदस्य श्री इन्द्र बहादुर शाक्य बताउनु हुन्छ ।

बौद्ध समाजलाई धर्मानुकुल जीवन यापन गर्नका लागि बुद्ध धर्म अनुरूपको शिक्षादिक्षा प्रदान गर्नका लागि बुद्ध धर्म अनुरूपको शिक्षादिक्षा प्रदान गर्ने, धार्मिक एवम् सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने देखि लिएर संघका सदस्य तथा बौद्ध उपासक उपासिकाहरू बीच मैत्रीपूर्ण सम्बन्ध कायम गराउने आदि कार्यमा यहाँ बौद्ध संघहरू कार्यरत हुन्छन् ।[४१] कच्छपाल महाविहारको छुट्टै संघ संरचना रहेको पाइन्छ । यसको संघ संरचना स्वरूप संघका सदस्यहरूमा जस्तै बौद्ध परम्परा अनुसार व्यवस्था गरिएका छन् । यी संघ सदस्यहरूको जन्म देखि मरणोपरान्त गर्नुपर्ने विभिन्न पूजा आजा विहारमा निर्देशित

[४१] हेराकाजी बज्राचार्य, *यलया बौद्ध विहार - संक्षिप्त परिचय* (ललितपुर बौद्ध विहार संघ, २०५७), पृ. २४ ।

हुन्छन् । विहारमा संघ सदस्य बन्न तथा संघका सदस्यहरूको हैसियतले दैनिक, मासिक र वार्षिक रूपमा गर्नुपर्ने पूजाहरू लगायत विभिन्न गुठीपर्वहरू अनेक रहेका छन् ।

## ४.२ चूडाकर्म संस्कार

बौद्ध संघभित्र प्रवेश पाउन चूडाकर्म सम्पन्न हुनु अनिवार्य छ । बुद्धद्वारा प्रतिपादित बुद्ध धर्ममा प्रवेश भई बहुजन हिताय बहुजन सुखायको निम्ति कच्छपाल महाविहारका संघ सदस्यहरूले आफ्नो जीवन समर्पण गरिरहेका छन् । चूडाकर्म गर्ने परम्परा कहिले देखि शुरु भयो भन्ने तथ्य यकिन नभए पनि ऋकुछन्द तथागतले गुणध्वज, प्रभुति, अभयान्द क्षेत्री आदि विभिन्न कुलका व्यक्तिहरूलाई चूडाकर्म गरिदिए पश्चात यो परम्परा शुरु भयो भन्ने संकेत श्री स्वयम्भू पूराणमा उल्लेख गरेको पाइन्छ ।[४२] वंशावलीमा लिच्छविराजा शिवदेव स्वयंले शिवदेव महाविहारमा चार दिन सम्म श्रावकचर्या अन्तर्गत भिक्षु जीवन यापन गरेको वर्णन पाइन्छ ।[४३] त्यसपछि अर्थात् चारदिन पछि गुरुको अनुमति लिई उनी गृहस्थ जीवनमा फर्केका थिए भन्ने भनाई रहेको पाइन्छ । त्यसैले शिवदेवको समयदेखि नेपालमा श्रावकयान अन्तर्गत चार दिन मात्र भिक्षुहुने परम्परा शुरु भयो भन्ने देखिन्छ । यसै परम्परालाई अंगीकार गर्दै बुद्ध धर्ममा गृहस्थ जीवनमा बसेर पनि कम्तीमा चार दिन श्रावकयानी भिक्षु हुनुपर्ने अनिवार्य नियम बनाइयो ।

यसरी उपत्यकामा रहेका महायानी महाविहारहरूका सदस्यहरूका कुलपुत्रहरू चारदिन श्रावकयानी भिक्षु हुनु पर्दछ । यसरी भिक्षु बनाउने कार्यलाई नै चूडाकर्म संस्कार भनिन्छ । यसरी चूडाकर्म संस्कार सम्पन्न नभईकन कच्छपाल महाविहारमा विराजमान हुनुभएका श्री आनन्दादी लोकेश्वरलाई छुन अनुमति दिईदैन ।

कच्छपाल महाविहारमा सदस्यहरूले आफ्नो छोरा नातिहरूलाई अनिवार्य रूपमा चूडाकर्म गरी आएका छन् । साधारणतया विजोड वर्ष ३, ५, ७, ९, ११ र १३ वर्ष उमेर पुगेका कुलपुत्रहरूको चूडाकर्म सम्पन्न गर्ने गरिन्छ । महाविहारको सदस्यहरू शाक्य मात्र रहेका छन् । यस महाविहारका सदस्यहरू जम्मा पाँच कवलका शाक्य परिवाहरू मात्र छन् ।

---

[४२] बद्रीरत्न बज्राचार्य, *श्री स्वयम्भु महापुराण* (यें : मन्त्रसिद्धि महाविहार, महाबौद्ध, ने.सं. १११६, पृ. २७ ।

[४३] धनबज्र बज्राचार्य, *लिच्छविकालिन अभिलेख* (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६, पृ. ५०२ ।

यसदेखि बाहेक अन्य शाक्यहरूको सङ्ख्या ज्यादै कम छ र भएका शाक्यहरू पनि अर्कै विहारसँग सम्बन्धित छन् । यस कच्छपाल महाविहारमा पूजारीहरू यिनै पाँच कबलका शाक्य सदस्यहरू हुने गर्दछन् । पूजारीका पालो एक एक महिनाको मात्र हुने गर्दछ । शाक्य संघमा पाँच नाइकेको व्यवस्था गरिएको छ । ती मध्ये सबैभन्दा ज्येष्ठलाई आजु/थपाजु भन्ने गरिन्छ । यस महाविहारको माथिल्लो तल्लामा जोगिनी दानका मूर्तिहरू रहेका छन् र ती मूर्तिहरूमा दैनिक पूजा आजा स्वयं थपाजुबाट मात्रै गरिँदै आएको पाइन्छ ।

चूडाकर्म ज्योतिषीद्वारा हेरिएको साईतमा सम्पन्न गर्ने गरिन्छ । यसैले चूडाकर्म गर्नुपूर्व चूडाकर्म गर्ने बालकको चिनो लिएर ज्योतिषीलाई देखाउनु पर्छ । बालकको चन्द्रमान तिथी अनुसार उमेर जोखना आदिलाई हेरि चूडाकर्म गर्न मिल्छ वा मिल्दैन भनी ज्योतिषीद्वारा हेरिन्छ । यदि बालकको चिनो अनुसार चूडाकर्म गर्न मिल्ने भएमा कुनदिन गर्न मिल्छ भनी साईत हेरिन्छ । साईतको दिन तय भएपछि त्यो जानकारी संघलाई दिइन्छ । त्यसपछि साईतको पुजा ज्योतिषीद्वारा बनाउन लगाई महाविहारको प्राङ्गणमा टाँस गरिन्छ ।

यस महाविहारमा चूडाकर्म गर्नुभन्दा एकदिन अगाडि 'ग्वेदाँ' राख्ने कार्य गरिन्छ । सधारणतया यसो गर्नुको मुख्य कारणचाहिँ यसका सदस्यहरू लगायत यस विहारसँग सम्बन्धित सम्पूर्ण देवदेवी, मान्यवर आजु आदिलाई निम्तोका लागि आव्हान गर्नु नै हो । यसपछि गुरुहरूद्वारा गुरुमण्डल पूजा गरी पूजाको प्रसाद चूडाकर्म गर्ने बालकलाई दिइन्छ । त्यसपछि मात्र चूडाकर्म गर्ने कार्य पक्का भएको मानिन्छ । यस विहारमा सामूहिक चूडाकर्म गर्ने परम्परा छैन । यहाँ परिवार परिवारद्वारा आ-आफ्नै चूडाकर्म गर्ने गरिन्छ ।

चूडाकर्म गर्ने दिन विहानै देखि विहारमा चहलपहल शुरु हुन थाल्छ । कुलपुत्रलाई विहारको प्राङ्गणमा ल्याई नाउद्वारा कपाल खौरिइन्छ । यसरी कपाल खौरिँदा शिखालाई भने छाड्ने गरिन्छ । कपाल खौरिने काम सकेपछि चूडाकर्म पूजाको लागि सरसामान तयार गरिन्छ र संघका नाइकेहरूलाई ल्याएर आ-आफ्नो स्थानमा राखिन्छ ।

गृहस्थ जीवनमा बसेका कुलपुत्रहरूले आफू श्रावकयानमा प्रवजित हुने चाहना राखे पुरोहित सँग प्रार्थना गर्दछन् ।[४४] यसरी प्रार्थना गरेपछि पुरोहितले शिष्यलाई प्रश्न गर्दछन् अनि शिष्यले हो गुरु ! मैले प्रवजित लिने संकल्प गरिसकें कृपया करुणा राखी मलाई

---

[४४] कच्छपाल महाविहारका संघ सदस्य श्री इन्द्र बहादुर शाक्यको भनाईमा ।

प्रवजित गरिदिनुस भने पछि साधारण वस्त्र त्याग गर्न लगाइन्छ । त्यसपछि पूजामा अन्य कार्यहरू अगाडि बढाइन्छ । स्नान पश्चात् मात्र काषया वस्त्र ओढाइन्छ र भिक्षु नाम दिइन्छ । त्यसपछि थाय्वुमा चीवर पिण्डमात्र कल्यः राखी पूजा गरिन्छ । पूजाका अन्य कामहरू सकेपछि पिण्डपात्र हातमा लिएका श्रावकयानी भिक्षुहरूलाई महाविहारमा प्रमुख स्थवीरहरूले भिक्ष दिने र सम्पूर्ण नाताकुटुम्वहरूले भिक्षा दिने गरिन्छ ।

यसरी चूडाकर्म गरी चारदिन सम्म भिक्षु बनाईन्छ र त्यसपछि आगमघरमा गई गुरुसँग भिक्षु जीवन त्याग गरी पुनः गृहस्थ जीवनमा फर्कनको लागि याचना गरिन्छ । त्यसपछिमात्र चीवर छोड्न लगाई गृहस्थी वस्त्र गुरुद्वारा दिइन्छ । यस कार्यलाई नेपाल भाषामा "चोकोक्यायगु" भनिन्छ । यो चार दिन भिक्षु जीवन अपनाइन्छ यो कार्य अनिवार्य रूपमा शाक्यवंशीय कुलपुत्रहरूले गर्ने पर्छ । यसरी चूडाकर्म पछि मात्र महाविहारको संघको पूर्ण सदस्यता प्राप्त हुन्छ । यसै दिनबाट रोलक्रम अनुसार महाविहारमा गर्नुपर्ने नित्यपूजा, गुठी आदिमा पालो पाउने हुन्छ । महाविहारमा हुने कुनै पनि कार्यमा सहभागी हुने पाइन्छ र देउता हुन पाइन्छ ।

## ४.३ स्थवीरको चयन

संघसदस्यहरूको ज्येष्ठताको वरियताक्रम अनुरूप संघसदस्यहरू क्रमश अन्तिम १० जनामा पुगेपछि स्थवीर बन्दछन् । जसलाई स्थानीय भाषामा १० नाइके पनि भन्ने चलन छ । थकाली स्थवीरलाई जनभाषामा 'आजु' भनिन्छ । कच्छपाल महाविहारमा १० जना स्थवीरको व्यवस्था गरिएको छ । आ-आफ्नो कवलबाट ज्येष्ठ ५ जनालाई, ५ नाईके भन्ने गरिन्छ । १० स्थवीर मध्ये कसैको मृत्यु भएमा त्यसको ठीक बाह्रौ दिनमा मृत्यु हुने स्थवीरको उत्तराधिकारीलाई ९ जना स्थवीर र एकजना मुख्य पूजारी बसी १० औं स्थान दिने गरिन्छ । त्यसबेला चूडाकर्म गरे जस्तै साईत हेरी "दिं पौ" टाँसिन्छ र "ग्वेदाँ" राखिन्छ । त्यसको भोलिपल्ट स्थवीर हुने काम परम्परागत तरिकाबाट गरिन्छ । त्यस समयमा सबै स्थवीरहरूले सेतो जामा "कसाः गा" शिरमा मुकुट हातमा घण्ट आदि लिएका हुन्छन् । पूजा अवधिभर यसै भेषभूषामा बसेका हुन्छन् ।

स्थवीरहरूलाई संघका सदस्यहरू सबैले सम्मानपूर्वक हेर्दछन् । स्थवीर भएपछि ललितपुर क्षेत्र भित्रका १८ महाविहार मध्ये कुनै पनि महाविहारमा सबै संघले बोलाउने र अन्य कार्यक्रममा भाग लिन पाउँछन् ।

पाँचजना भित्रका स्थवीरहरू मध्ये कसेको मृत्यु भएका छैटौं स्थानमा बसेका स्थवीर पाँच नाइके हुन जाने चलन छ । यस कच्छपाल महाविहारमा १० जना स्थवीरहरूमा सबैभन्दा जेठो स्थवीरलाई "थपाजु" भनि सम्बोधन गर्ने गरिन्छ । थपाजु भन्दा माथि कोहीपनि हुँदैन । त्यसैले थपाजु भै सकेपछि यस महाविहार भित्र गरिने सम्पूर्ण धार्मिक एवम् सांस्कृतिक कार्यहरूमा अनिवार्य रूपमा उपस्थित हुनै पर्छ । कच्छपाल महाविहारमा सबैभन्दा माथि पुग्ने थपाजुलाई देवदेवी समान पुज्ने गरिन्छ ।

## ४.४ संघ सदस्यहरूको कर्तव्य

चोभारस्थिति यस विहारमा वर्षको एकपटक चूडाकर्म गरिसकेका सम्पूर्ण सदस्यहरू भेला भै अन्य विहारहरूमा जस्तै संघ भोजन गर्ने प्रचलन छ । संघ भोजनको निमित्त छुट्टै जग्गा राखिएको पाइदैन । यसैले पहिले पहिले भक्तजनहरूबाट लोकेश्वरमा चढाइएको "मोह धेवा" अर्थात् पचास पैसाको मोहर र यसभन्दा माथिका रकम संघ भोजनका निमित्त संकलन गरिन्थ्यो तर अहिले आएर यसरी चढाईएको मोहर र मोहर भन्दा माथिको रकम संकलन नगरी पुजारीका हैसियतका कार्यरत पान्जुहरूले मासिक रु बीसका दरले संघमा बुझाउने प्रचलन चलाएको पाइन्छ । संघ भोजनको निमित्त यो रकम अपर्याप्त हुने भएकोले लोकेश्वरको भण्डारबाट आवश्यकता अनुरूप खाद्यान्नहरूमा चालम, चिउरा, गहुँ प्रदान गर्ने व्यवस्था मिलाइएको छ । नपुग रकम भने संघ सदस्यहरूबाट नै उठाई संघ भोजन गर्ने नियम यस विहारमा लागु गरिएको छ ।

संघ सदस्यहरूको कर्तव्य विहारमा वर्षको एकपटक भेला हुनुमा मात्र सीमित नराखी विहारका संरक्षण गर्नु उनीहरूको पहिलो दायित्व मानिएको छ । यसैले यस विहारमा संघ सदस्यहरू मध्ये १६ वर्ष भन्दा माथिका सदस्यहरू ४/४ जनाका दरले पालैपाले विहारको पहरा दिने हिसावले राती सुत्नु पर्ने व्यवस्था बाँधिएको छ । तर कारणबाट कुनै सदस्य आफ्नो पहरा दिने पालोमा उपस्थिति हुन नसक्ने भएमा अग्रीम सूचना दिनु पर्ने र दण्ड स्वरूप रु १०/- दस्तुर बुझाउने पर्ने व्यवस्था गरिएको छ । यस्ता घटना निरन्तर

आइरहन्छन् कि भन्ने प्रश्न गर्दा स्थानीय सदस्यहरू अहिलेसम्म संघ सदस्यहरूबाट पहरा दिने काममा हेलचक्र्याइ नगरेको कुरा व्यक्त गर्दछन् ।[४५]

## ४.५ पान्जु बनाइने (पान्जु लुइगु) एवम् पालो बस्ने प्रक्रिया र आयश्रोत

लोकेश्वर मन्दिरका मुख्य पुजारीलाई नै पान्जु भन्ने गरिन्छ । पान्जु लुइगु भनेको पुजारी वनाउने प्रकृया हो । संघ सदस्यहरूको दोस्रो प्रमुख कर्तव्य भनेको लोकेश्वरको नित्य पूजा चलाउनु नै हो । ललितपुरका अधिकांश विहारहरूमा साधारणतः चूडाकर्म गरिसकेका संघ सदस्यहरू विहारको दैनिक पूजा सञ्चालन गर्न सक्षम हुने भएतापनि लोकेश्वर अवस्थिति विहारहरूमा यो विषय लागु भएको पाईदैन । लोकेश्वर स्थापना गरिएको यस विहारमा पनि अन्य लोकेश्वर स्थापना गरिएका विहारहरूमा जस्तै आफ्नो पालो अनुसार लोकेश्वरको नित्य पूजा गर्न योग्य पुजारीका रूपमा प्रतिष्ठापित गर्न चूडाकर्म पछि "पान्जु बनाइने" विधि सम्पन्न गरिसकेको हुनु अनिवार्य छ । यस विधि अन्तर्गत विहारका मूल पुरोहितबाट यस विहारमा होम आगमन पूजा आदि पूजाको अतिरिक्त विहारका दश पारमिता आजुहरूबाट विधि सम्पन्न भएको मान्यता पाउनु आवश्यक छ । यसपछि माथि उल्लेख भए अनुसार पहिलो पटक पुजारीको हैसियतले लोकेश्वरको नित्य पूजा गर्न पालो थाप्न आएका नयाँ पान्जुले हप्तादिन अगाडि देखि नियममा बसी आफूलाई चोख्याउने विधि पूरा गर्नुपर्ने छ । तर पुराना पान्जुको हकमा तीन दिन अगाडि देखि शुद्ध हुने विधि पूरा गर्नुपर्ने छ । जेष्ठताको आधारमा पान्जु भई प्रत्येकले लोकेश्वरको नित्य पूजा आदि एक महिनासम्म गर्नुपर्दछ । पालो लिने प्रत्येक पान्जुले छत्रधारी स्थवीर आजुहरूका रोहवरमा सूची (धलपौ) अनुसार लोकेश्वरको मन्दिरभित्र प्रयोगमा ल्याइएको नल्याइएको सबै सम्पत्ति तथा सामानहरूको अभिभारा बोक्नुपर्ने हुन्छ । केहीगरी आफुले बुझिलिएका सामानहरू आफ्नो एक महिनाको पालो अवधिभर हराएमा पान्जु स्वयंले हर्जना तिर्नुपर्ने छ । महिना दिनसम्म लोकेश्वरको पूजा, सेवा पूरा गरी पालो हस्तान्तरण गर्ने कार्य प्रत्येक महिनाको शुक्लपक्ष प्रतिपदाका दिन तोकिएको छ ।

---

[४५] आनन्दादि लोकेश्वरका संघ सदस्य श्री इन्द्रवहादुर शाक्य, वर्ष ६५ चोभारका संग मिति २०६९।५।२ गते लिएको अन्तरवार्ता ।

आफ्नो पालो अवधिभर लोकेश्वरको मन्दिरमा भक्तजनहरूबाट श्रद्धापूर्वक चढाइएका नगद, जिन्सी तथा खाद्य पदार्थ पालो बस्ने पान्जुहरूको भागमा पर्न जाने व्यवस्था यस विहारमा कायम रहेको देखिन्छ । तर नगद तथा जिन्सीको हकमा मन्दिर सजाउनेको निमित्त चढाइएका भेटीहरूमा भने पान्जुहरूले प्रयोग गर्न नपाइने व्यवस्था पनि रहेको देखिन्छ । यस बाहेक चूडाकर्म गर्दा र कार्तिक महिनामा उपवास बस्न आउने व्यक्तिहरूबाट चढाइएको दस्तुर एवम् विभिन्न पर्व तथा अन्य पूजाआजामा चढाइने विभिन्न दस्तुरको हकमा पुजारीको नाममा अलग छुट्याइएको भाग मात्र पान्जुको हुन जाने चलन यहाँ रहेको पाइन्छ ।

विहारमा हुने लोकेश्वर सम्बन्धी धार्मिक कार्य होस् वा चूडाकर्म पान्जु विधि वा आजु विधि सम्पन्न गर्ने आदि काममा थपाजुले रातो भोटो, जामा, मुकुट लगाई पूजामा संलग्न रहनु पर्ने नियम छ । अन्य स्थवीरहरूको हकमा रातो पछ्यौरा र मुकुट लगाई उपस्थित हुनुपर्छ । विहारको कुनै प्रकारको धार्मिक, सांस्कृतिक कार्यहरूमा मात्र होइन विहार र संघ सम्बन्धी कुनै पनि प्रकारको व्यवस्था मिलाउने तथा अन्य क्रियाकलापहरूमा विहारमा दशपारमिता आजुहरूको उपस्थिति अनिवार्य हुनुपर्छ । यस्तो उपस्थितिमा थपाजुको भूमिका निर्णायक कार्यहरमा दशपारिमिता आजुहरूको उपस्थिति अनिवार्य रहेको पाइन्छ । यस महाविहारमा पालो बस्नेहरूले निम्न कार्य गर्नु पर्दछ :

१) प्रत्येक महिना आनन्दादि लोकेश्वरको पुजारी बस्ने पान्जुहरूको पालो लिनुदिनु गर्ने दिन ।

२) संघ सदस्य बन्न आवश्यक चूडाकर्म सम्पन्न गराइने दिन ।

३) लोकेश्वरको मूर्ति बनाउन माटो पूजा (चापुजा) गर्ने दिन ।

४) लोकेश्वरको पुजारी बस्न “पान्जु लुइजु” विधि सम्पन्न गराइने दिन ।

५) लोकेश्वरको मूर्ति साधान गर्ने (पी पूजा) दिन ।

६) लोकेश्वर सम्बन्धी दशकर्म पूजा गराइने दिन ।

७) लोकेशवरको मूर्ति स्नान कार्य (न्हवं) गराइने दिन ।

८) महावली पूजा गराइने दिन ।

९) गणेश पूजा सम्पन्न गर्ने दिन ।

१०) चैत्य स्थापना गरिएको दिन गरिने पूजा (चीबाहाः बुसांद) का दिन ।

११)	संघ भोजन हुने दिन ।

१२)	आनन्दादि लोकेश्वर सम्बन्धी गुठीको बाली बुझाउन ल्याउने दिन ।

१३)	निर्जला व्रत बस्न आएका भक्तजनहरूबाट दस्तुत उठाउने दिन

१४)	लोकेश्वर गरगहना थपघट भएको रिपोर्ट पेश गर्ने दिन ।

१५)	विहारको नेतृत्व गरी अन्यत्र जानुपर्ने दिन ।

## ४.६ आनन्दादि लोकेश्वर सम्बन्धी गुठीहरू

आनन्दादि लोकेश्वरको दैनिक तथा पर्व पर्वहरूमा गर्नुपर्ने पूजाआजा तथा अन्य विभिन्न कार्यहरू सूचारु रूपले सञ्चालन गर्न भक्तजनहरूबाट समय समयमा आ-आफ्ना गच्छे अनुसार नगद जिन्सी तथा जग्गाहरू प्रदान गरिदै आएको कुरा परिशिष्ठमा समावेश गरिएका दस्तावेजहरूबाट स्वतः पुष्टिन्छ । लोकेश्वरको पूजाआजा तथा विहारको विभिन्न कार्यहरूको प्रयोजनमा भक्तजनहरूले चढाएका जग्गाहरू विभिनन गुठीहरूका रुमा जनाइएको पाइन्छ । यी गुठीहरू कहिलेदेखि स्थापना भएर भनेर उल्लेख गर्न श्रोतको अभाव हुन्छ तापनि यी गुठीहरू निकै पहिलदेखि चलिआएका हुन् भन्ने कुरा दस्तावेजहरूबाट पुष्टिन्छ । राजगुठीका नाममा दर्ता हुन गएका आनन्दादि लोकेश्वर सम्बन्धी विभिन्न गुठी जग्गाहरू वि.सं. १९५७ सालमा राजगुठी र ठेका अमानती गुठीह्रुमा परिणत गरिए । भद्रकाली स्थित गुठी लगत तथा तहविल कार्यालयको लगतमा राजुठी र ठेगका अमानती गुठी अन्तर्गत निम्न पूजा तथा लोकेश्वर सम्बन्धी विविध कार्यहरू सम्पादन गराई आएको पाइन्छ ।[४६] राजगुठी अन्तर्गत :

क)	नित्य पूजा सञ्चालन गर्ने गुठी

ख)	देवल बनाउने गुठी

ग)	आगमन पूजा गर्ने गुठी

घ)	महावली

ङ)	छत्र समाउने

च)	देवता लेख्ने, बोक्ने

---

[४६] कच्छपाल महाविहारका संघसदस्य, श्यामकाजी शाक्य, वर्ष ५७, चोभार सँग मिति २०६९/५/२ मा लिएको अन्तर्वार्ता अनुसार ।

छ)	जात्रा आदि कार्यहरू पर्दछन् ।

ठेका अमानत गुठी अन्तर्गतः

क)	नैवैद्य बाड्ने

ख)	अक्षेता बनाउने

ग)	दीपमाला आदिको व्यवस्था मिलाउने कार्यहरू पर्छन ।

यस बाहेक निजी श्रोतबाट यस यिवहारमा संघ भोजन, चीबाहा स्थापना गरिएको दिन गरिने पूजा, मृत्यु संस्कार तथा संक्रान्ती पर्वहरू चलाउन गुठीहरू क्रियाशील भएका छन् । समष्टीगत रूपमा यी विभिन्न गुठीहरू निम्ना नुसारेन अहिलेसम्म परम्परागत शैलीबाट परिचालन भै आएको पाइन्छ ।

### ४.६.१ नित्य पूजा गुठी

आनन्दादि लोकेश्वरको विहार बेलुकी दैनिक गरिने पूजालाई नित्य पूजा भनिन्छ । यस अन्तर्गत गरिने दैनिक चर्या बारे माथि चर्चा भैसकेको छ । नित्य पूजालाई सुचारु रूपले परिचालन गर्न एउटा छुट्टै गुठी स्थापना भएको छ । नित्य पूजा भनेर नामाकरण गरिएको यो गुठी कहिले स्थापना गरियो भनेर उल्लेख गर्न सकिंदैन । तापनि वि.सं. १९७५ को गुठी संस्थानको रेकर्डमा चोभार र कीर्तिपुर भेगमा विभिन्न भागमा छरिएर रहेको १५ रोपनी जग्गा यो गुठीमा दर्ता गरिएको पाइन्छ । रेकर्ड अनुसार गुठी जग्गाबाट हुने आम्दानीले नित्य पूजाको निम्नानुसार शीर्षकहरूमा नगद वा जिन्सीका रूपमा खर्च गर्ने व्यवस्था भएको देखिन्छ ।

१)	अक्षेता-प्रतिदिन साढे २ मुठीका दरले फलुवा चामल (१० मुठी = १ माना)

२)	भुजा - प्रतिदिन १५ मुठीका दरले फलुवा चालम

३)	धूप- प्रतिदिन आधा पैसाको दरले

४)	सिंदुर - प्रतिदिन एक पैसाका दरले

५)	कपूर - प्रतिदिन आधा पैसाका दरले

६)	घ्यू - प्रतिदिन आधा पैसाका दरले

७)	भोग - प्रतिदिन १ पैसाका दरले

८)  तेल - दियो बाल्नका निमित्त प्रति दश दिन एक करुवाका दरले (४ करुवा = १ माना)

९)  चाकु - प्रतिदिन आधा पैसाका दरले।[४७]

नित्य पूजाका निमित्त आवश्यक पर्ने यी नगद र जिन्सी खर्च छुट्याई बाँकी रहने आम्दानी विहारका मन्दिर र सतल मर्मत कार्यमा खर्च गरिन्थ्यो । केही समय यता नित्य पूजा त्रुटीमा दर्ता भएका १५ रोपनी जग्गा मध्ये् ४ रोपनी जग्गा हिमाल सिमेण्ट कारखानाले प्रयोजनका निमित्त अधिकरण भएको, ३ रोपनी जग्गा मोहीले आफ्नो नाममा दर्ता गरी बेचिसकेको तथा अरु ३ रोपनी जग्गा पनि रैकरमा परिणत गरी निजी बनाइसकेको बताइन्छ। फल स्वरूप गुठीको जग्गा अहिले ३ रोपनी मात्र बाँकी रहन गएको छ। स्थानीय थपाजुको भनाई अनुसार हाल भुजा पकाउन काठमाडौं मरुटोलका मानन्धर समूहबाट प्रति महिना ५ पाथी चामल उपलब्ध भैरहेको छ।

नित्य पूजा गुठी बाहेक आनन्दादि लोकेश्वरको दैनिक पूजा अन्तर्गत अक्षेता गुठी, नैबेद्य गुठी र प्रत्येक वर्ष चेत्र अष्टमीका दिन विहारमा १०८ दियो बाल्न दीपमाला गुठी गरी तीन छुट्टाछुट्टै गुठीहरू पनि स्थापना गरिएको पाइन्छ। गुठी रेकर्डमा यिनीहरूलाई ठेका अमानती भई निकासा गर्नु नपर्ने गुठीहरू जनाइएको छ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यी गुठीहरू नित्यपूजा सँग सम्बन्धित रहने भएकोले यिनीहरू बरे यहाँ नेर चर्चा गर्न खोजिएको छ।

### ४.६.२ अक्षेता गुठी

विहारमा लोकेश्वरको दैनिक पूजामा नैवेध चढाउन ३ प्लटको ८ रोपनी जग्गा नैवैध गुठी शीर्षक अन्तर्गत दर्ता गरिएको छ। यस गुठीमा दर्ता भएका जग्गाको आयस्ताबाट लोकेश्वरको दैनिक पूजाका निमित्त १६ गुठी च्युरा दैनिक एक पैसाका दरले रोटी तथा प्रति महिना ४ पैसाका दरले केशरीमा खर्च गर्ने व्यवस्था भै आएको देखिन्छ। अहिले आएर यस गुठीमा दर्ता भएका जग्गा मध्ये ४ रोपनी जग्गामात्र बाँकी रहेको स्थानीय स्थवीर आजुहरू उल्लेख गर्छन्। परम्परा अनुसार नैवेद्यका साथ लोकेश्वरको पूजामा चढाउने रोटीका निमित्त १ पैसा अपर्याप्त भएको महसुस गरी गुठी संस्थानले केही वर्ष यता रोटीका निमित्त एक

---

[४७] श्री इन्द्रबहादुर शाक्य-संघ सदस्य, वर्ष ६५ चोभार सँग २०६९/५/१० मा लिएको अन्तर्वार्ता अनुसार।

रूपैया प्रदान गर्न थालेको बुझिन्छ । स्थानिय थपाजुको भनाई अनुसार वि.सं. २०५१ सालदेखि नित्य पूजाको निमित्त प्रदान गर्दै आएको फलुवा चामल र च्यूराको बदलामा पनि नगदै दिने गरियो । थाहा पाए ए अनुसार चामलका निमित्त प्रतिपाथी पाँच रूपैया तीस पैसा दिइन्छ भने प्रति महिना तेलको निमित्त तेतिस रूपैया गुठी संस्थानबाट प्रदान गरिदै आएको छ ।

### ४.६.३ दीपमाला गुठी

आनन्दादि लोकेश्वरको नित्य पूजा गरिने क्रममा बेलुकी आरती गरिन्छ । यसको चर्चा माथि भैसकेको छ । यसरी गरिने दैनिक आरती बाहेक वर्षको एक पटक चैत्र शुक्ल अष्टमीका दिन १०८ दियो बाल्न दीपमाला गुठी स्थापना गरिएको छ । वि.सं. १९३३ को लगत किताबमा दीपमाला गुठीमा २ रोपनी जग्गा रहेको उल्लेख गरिएको छ । उक्त जग्गा मध्ये १ रोपनी जग्गा बागमती नदीले बगाएको कुरा वि.सं. १९७५ को रेकर्डमा देखिन्छ ।[४८] यस गुठीको आयस्तरबाट दियो बाल्नका निमित्त तेल, पालना च्युरा लगायत पूजा सामग्रीमा खर्च गरिन्थ्यो । वि.सं. २०२० सालपछि गुठी अड्डाबाट तेलको बदलामा तेल खर्चँ भनी प्रतिमान रु १४/१८ का दरले एक पाथी तेल खरीद गर्न रु ११४/२४ नगदे दिने व्यवस्था कायम गरियो । तर गुठी अड्डबाट प्रदान गरिने रकमबाट एकपाथ तेल नआउने भएकोले रकमले भ्याए जतिको तेल किनेर दीपमाला गर्दै आएको कुरा स्थानी थपाजु जानकारी गराउँछन् ।

### ४.६.४ आगम गुठी

आनन्दादि लोकेश्वर स्थापना गरिएको मन्दिर सँगै जोडिएको दायाँपट्टीको पहिलो तल्लामा विहारको आगम कोठा छुट्ट्याइएको छ । विहारको गुहय देवता यहाँ स्थापना गरिएको छ । स्थानीय विहारका थपाजु त्यहाँ नित्य पूजा गर्छन् । आगमनमा गरिने नित्य पूजा र पौष महिनामा गरिने विशेष पूजा (दिशीपूजा) को खर्च जुटाउन १ रोपनी १२ आनाको जग्गा गुठीमा दर्ता गरिएको पाइन्छ । गुठीजग्गाको आम्दानीबात प्रति वर्ष अक्षेताको लागि फलुवा चामल ४ मानाको एकपाथी धान तथा देउतालाई भोग चढाउन समेबजी र जाँड पकाउन १ मुरी १८ पाथी धान बुझान्थ्यो । यस बाहेक नगदी तर्फ धूपको निमित्त ५०

---

[४८] श्री आशाकाजी शाक्य, वर्ष ८०, थपाजुसँग २०६९/५/१० मा लिएको अन्तर्वार्ता ।

पैसा, सखरको निमित्त ३६ पैसा, सिंदुरको निमित्त १ पैसा, १ धार्नी अदुवाको निमित्त २८ पैसा, १ माना भटमासको लागि ४ पैसा, १ माना बोडीको निमित्त ६ पैसा तेलको निमित्त ३८ पैसाल र नुनको निमित्त ६ पैसा प्राप्त हुने गर्थ्यो ।

अहिले आएर गुठीमा दर्ता भएका १२ जना जग्गा सिमेण्ट कारखानमा विलिन भएको तथा बाँकी जग्गाबाट आयस्तर नउठ्ने कुरा स्थानिय थपाजु बाट थाहा हुन्छ । आयस्तरको अभावमा आगमन पूजा कसरी सञ्चालन भैरहेको छ भन्ने प्रश्नमा थापजु आगमनको सम्पूर्ण खर्च आफैले व्यहोर्ने कुरा बताउँछन् । वार्ताको क्रमा उनले अहिले सम्म विशेष पूजाको उपलक्ष्यमा पूरोहित २, पान्जु १, स्थवीर ५ कन्या कुमारी २ समेत गरी प्रत्येक वर्ष १० जनालाई भोज खुवाउँदै आइरहेको स्पष्ट गर्छन् ।

### ४.६.५ देवता लेख्ने बोक्ने नेकु गुठी

प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमी र नवमीमा सम्पन्न हुने आनन्दादि लोकेश्वरको जात्रा शुरु हुनु अगाडि लोकेशवरको अभिषेक (न्हवं) र रंगरोगन आदि कार्यगर्ने गरिन्छ । यसै क्रममा चैत्र शुक्ल प्रतिपदाको दिन लोकेश्वरको अभिषेक (न्हवं) गर्न परम्परा छ तथा यसपछि सप्तमी सम्ममा लोकेश्वरको मूर्तिमा रंगरोमन गरिन्छ । लोकेश्वर सम्बन्धी यी परम्परागत कार्यहरू सम्पादन गर्न उक्त मूर्तिलाई अभिषेक स्थलमा बोकेर ल्याउने तथा कार्य सम्पन्न भएपछि मन्दिरको यथास्थानमा पुऱ्याउने जिम्मेवारी ललितपुर थसीका नेमकुल (नेकु) हरूलाई सुम्पिएको छ । आफूलाई सुम्पिएको जिम्मेवारी बहन गर्न आ-आफ्नो पाला अनुसार चारजना नेमफुल, परिवारका सदस्यहरू लोकेशवरको देवता बोक्न हरेक वर्ष चोभारमा आइरहेका छन् ।

लोकेश्वरको मूर्ति बोक्न र मूर्तिका रंगरोगन गर्न एउटा छुट्टै गुठी स्थापना गरिएको छ जसलाई देवता देख्ने, बोक्ने नेकु गुठी भनिन्छ । यो गुठी सञ्चालन गर्न २ रोपनी जग्गा छुट्याइएको छ । हालको नापीमा, २ रोपनी भनी उल्लेख गरिएको भएतापनि नापी हुँदा जग्गाको क्षेत्रफल ४ रोपनी ४ आजा १ पैसा रहन गएको छ । थाहा पाइए अनुसार नेकु गुठीमा दर्ता भएको जग्गा आवादि इलाकामा परेकोले यसको भाउ निरुन्तर बढ्न थालेको छ ।

अहिले मोहीले यो जग्गा आफ्नो नाममा दर्ता गर्न खोजेकोले यसमा निकै विवाद चलिरहेको छ ।[४९]

### ४.३.६ छत्र समाउने गुठी

लोकेवश्वर सम्बन्धी जात्रापर्वहरूमा मालसामान बोक्ने, जात्राको बेला छत्र समाउने, जात्रा सकिएपछि मन्दिरको छानाबाट कलस जल बगाउने तथा वर्षको एकपटक साधारण मर्मत गर्ने अभिभारा धंग (महर्जन) हरूले बहन गरि आएका छन् । यस कार्यको निमित्त एउटा गुठी स्थापना गरिएको छ । गुठीका गुठीथारहरू चार चार जना गरी आ-आफ्नो पालो अनुसार माथि उल्लेख गरिएका लोकेश्वरको कामकाजमा उपस्थिति हुने गर्छन् । देवताको कामकाजमा सक्रिय हुन उनीहरूलाई धंगु विधि पूरा गर्नु आवश्यक छ । धंगु विधि अनुसार यस विहारमा उनीहरूलाई लोकेश्वरको पूजाआजामा सम्मिलित हुन, छत्र समाउन एवम् मन्दिर भित्र प्रवेश गर्न योग्य बनाउन विहारमा मूल पुरोहितद्वारा विशेष पूजा गर्न लगाइन्छ । धंगु विधि एकैदिनमा सम्पन्न हुन्छ । लोकेश्वरको जात्रामा छाता ओठाउने र अन्य आइपरेको बेलामा बिहारमा उपस्थिति हुने धंगुहरूलाई प्रतिवर्ष दुईमुरी ५ पाथी धान, ३ पाथी गहुँ नगद खान्की तथा अन्य पर्वहरूमा आवश्यक पूजा खचृको व्यवस्था मिलाउन १ रोपनी जग्गा छत्र समाउने गुठीको नाममा छुट्याइएको पाइन्छ । वि.सं. १९७५ को रेकर्डमा १ रोपनी भनेर दर्ता गरिएको छत्र समाउने गुठीको जग्गा वि.सं. २०२१ सालमा नापी हुँदा १३ आना मात्र रहेको पाइन्छ । थाहा भए अनुसार तीन प्लटमा बाँडिएको यो गुठीको १२ आनाको एवम् प्लट जग्गा धंगुहरूले आपसी सहमतीमा बेची दिए । स्थानीय थापाजुको भनाई अनुसार मिलेमतो गरी जग्गा बेचिएतापनि केही असन्तुष्ट धंगुहरूले सो जग्गा बेचेको उजुरी हालेपछि दुईपक्ष बीच अहिले मुद्धा चलिरहेको छ । उक्त कुरा श्री आशाकाजी शाक्य बताउनु हुन्छ ।

### ४.६.७ देवल बनाउने गुठी

आनन्दादी लोकेश्वर स्थापना गरिएको मन्दिर लगायत अदस विहारका अन्य सतलहरू विग्रे भत्केमा मर्मत सम्भार गर्न ३ प्लटको ७ रोपनी जग्गा देव बनउाने गुठीमा

[४९] लोकेश्वरका पूजारी श्री रत्नकाजी नेमकुल, वर्ष ६८, ललितपुर सानागाउँ सँग मिति २०६९।५।२ गते लिएको अन्तरवार्ता ।

जनाइएको पाइन्छ । लगत अनुसार यस गुठीको आयस्तरबाट मर्मत गगरिने मन्दिर बहेक सतलहरूको सङ्ख्या ९ देखाइएको छ । पछि गएर भक्तजनहरूबाट मन्दिर वा सतलको मर्मत वा जिर्णोद्धारा गर्ने कार्यमा आर्थिक सहायता प्रदान गर्न थालेपछि यस गुठीको आयस्तर मर्मत कार्यमा प्रयोग गर्नुपर्ने अवस्था आइपरने । स्थानिय थपाजुको भनाई अनुसार देवल गुठीको वचत आयस्ता अन्य पर्वहरमा गरिने कर्म काण्डमा खर्च गर्ने व्यवस्था बनाइयो । सम्भवतः यो प्रथालाई ध्यानमा राखेर वि.सं. १९७५ को लगत जाँचले देवल तथा सत्तलको जिर्णोद्वार गर्न स्थापना गरिएको गुठीको आयस्ता अन्य कर्मकाण्डमा खर्च गर्ने स्वीकृत प्रदान गरेको थियो । लगतमा मन्दिर, सत्तल बिग्रे भत्केमा सरकारका तर्फबाट बनाउनु पर्नेभ नेर उल्लेख भएतापनि करिब ४०/५० वर्ष अगाडि एकपटक मात्र सरकारले तर्फबाट मर्मत हुनु बाहेक अन्य मर्मत वा जिर्णोद्वारा कार्यहरू भक्तजहरूबाट भैरहेको यथार्थताको मन्दिर र सत्तलहरूको जिर्णोद्वारमा भक्तजनहरूको निरनतर सहभागिता रही आएको तथ्यलाई छर्लङ्गयाएँछ ।

### ४.६.८ जात्रा गुठी

लोकेशवर जात्रा प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमी र नवमीका दिन हुने गर्छ । जात्रा दुईदिने मात्र हुने भएतापनि जात्राको निमित तयारी गर्ने कामको थालनी माघ महिना देखि नै हुने गर्छ । काठमाडौं उपत्यकाका भक्तजनहरूको घुइँचो लाग्ने यो जात्रामा अहिले काठमाडौं र ललितपुरमा जस्तै लोकेश्वरको रथयात्रा नहुने भएतापनि ती लोकेश्वरको जस्तो स्थान गराउने, दश कर्म गर्ने आदिबाट अगाडि बढाइएको पाइन्छ । माघ शुक्ल पञ्चमीका दिन लोकेश्वर स्थापना गर्ने माटोको कलस बनाउन पुरोहित लगायत पान्जु धंगुहरू ललितपुरको च्यासल टोलका कुम्हालेहरू कहाँ गई माटो पुज्ने बनाइन्छ । माटो पूजा सम्पन्न भएको आठ दिन भित्र शनिबार वा मङ्गलबारको दिन पारी देवता सोधन गर्ने विधि सम्पन्न गरिन्छ । यसलाई “पी पूजा” भनिन्छ । विधि अनुसार “पी पूजा” गर्दा गणेश, गृहयेश्वरी, पीठ, इष्टदेवता (द्यगु द्यो) लाई साधना गर्ने भनी बेग्लादबेग्लै माटाका पालाहरू २/२ गोटा सुपारी हाली अर्को पालाले छोप्ने गरिन्छ । तथा त्यसमाथि काँचो धागोले तान्त्रिक विधिद्वारा बाँध्ने गरिन्छ । यस्तै किसिमबाट पनि लोकेश्वरलाई सोधन गरी ल्याएको पाला राखिन्छ ।[५०]

---

[५०] डा. बज्रराज शाक्य, वोधिवज्र वज्राचार्य, हेराकाजी वज्राचार्य, सि.वि. बज्राचार्य, *पलेस्वाँ,* वर्ष ८, अङ्क ११, लोटस रिसर्च सेन्टर प्रयागपथ, ललितपुरः वि. सं. २०५३ ।

चैत्र शुक्ल प्रतिपदाका दिन ज्योतिषीद्वारा निभालिएको शुभ साईतमा आनन्दादि लोकेश्वरको प्रतिभालाई जीवन्यास निकालेर उक्त प्रतिमा आसनबाट ओहाली विहारको पश्चिममा रहेको स्नान मेण्डपमा राखिन्छ । यहाँ बज्राचार्य पुरोहितबाट पूजा सम्पन्न गरी चंगुहरूद्वारा अभिषेक (न्हवं) क्रिया सम्पन्न गराइन्छ । अभिषेक कार्यपछि लोकेश्वरको प्रतिमालाई मन्दिरसँगैको पाटीमा राखेर पूजापाठ गरिन्छ । श्रद्धालु भक्तजनहरूले यस अवसरमा गहना चढाउँछन् ।

चैत्रशुक्ल द्वितीयताका दिनदेखि नै लोकेश्वरका मूर्तिमा रंगरोगन गर्ने कार्य शुरु हुन्छ । ललितपुर थसीका नेभकुलहरू छ दिनसम्म यस रंगरोगन कार्यमा खटिएका हुन्छन् । लोकेश्वरको मूर्तिमा रंगरोगन गर्ने क्रियालाई "लँपुइं छोयगु" भनिन्छ । रंगरोपन कार्य समाप्त गरी सप्तमीको रातीसम्ममा लोकेश्वरको मूर्तिलाई 'इट्टी मण्डप' मा पश्चिमाभमिुख गरी राखिन्छ । ततपश्चात् बज्राचार्य पुरोहितद्वारा दशकर्य क्रिया शुरु गरिन्छ । त्यसपछि लोकेश्वरलाई बज्रसत्वको प्रतीक स्वरूप पंचबुद्ध मुकुट लगाइन्छ । स्थानिय थपाजुका कथन अनुसार दशकर्म विधि सम्पन्न गर्न चाहिने सम्पूर्ण पूजा सामग्री काठमाडौं मरु टोलमा मानन्धरहरूबाट पठाएको हुन्छ ।

अर्को दिन सबेरै देवता समाटने (द्यो लायेगु) भनी नक्खुमा जान्छन् । ज्योतिषीले निकालेको साईतमा विहारका थपाजुबाट द्रोण पुष्प (दफो स्वां), दुध, दही, मही आदि खोलामा बगाइन्छ । यही बगेर आएको द्रोण पुष्पलाई देवता फेला पारेको अर्थमा ग्वाला खलकका सदस्य गुठीचारले कलसमा थाप्ने गर्छन् । यसबाट ग्वालाले पुनः लोकेश्वरलाई फर्काउर ल्याएको अर्थ जनाइन्छ । त्यसपछि उक्त फुल सहितको कलस दिनभरि सँगैको पाटीमा राखिन्छ । साँझपख बाजागाजा सहित भक्तजनहरूले कलस जात्रा गरी विहारमा ल्याई पुऱ्याउँछन् ।

दशकर्म पूजा विधि सम्पन्न भएपछि अर्कोदिन लोकेश्वरलाई खटमा राखी ३ पटक परिक्रमा गराइन्छ । परिक्रमाको क्रमा विहारको तीन कुनामा राखिएका मण्डपहरूमा बिसाउने गरिन्छ । यसपछि लोकेश्वरलाई पुनः 'इही मण्डमपमा' राखिन्छ । यस बीच लोकेश्वरको मूर्तिलाई मन्दिरभित्र लान विभिन्न बाजागाजा सहित भुतप्रेत पन्छाउन "छेरावली" क्रिया सम्पन्न गरिन्छ । तत्पश्चात् पुरोहित, पान्जु, स्थवीहरू, नेकु आदिलाई

पंचदान दिन भक्तजनहरूको ओइरो लागेको हुन्छ । त्यसपछि नेकुजुहरूले लोकेश्वरको मूर्तिलाई बोकेर मन्दिर भित्र पुऱ्याउँछन् ।

लोकेश्वरको जात्राका क्रममा सम्पन्न गरिने यी विभिन्न क्रियाकलापहरू मध्ये चैत्र महिनामा सम्पन्न हुने सर्म्पूर्ण खर्च जात्रा गुठीको आयस्ताबाट गर्ने व्यवस्था कायम भएको छ । जात्रा पछि जलविनायकको पूजा (कोयना पूजा) सम्पन्न नहुन्जेल सबै खर्च व्यहोर्ने उद्देश्यले स्थापना भएको यस गुठीमा १२ रोपनी जग्गा राखिएको छ ।[५१]

## ४.६.९ अन्य गुठीहरू

आनन्दादि लोकेश्वरको नित्य पूजा, पर्व पर्वमा गरिने पूजा, प्रत्येक वर्ष चैत्र महिनामा सम्पन्न हुने जात्रा, लोकेश्वर विराजमान भएको मन्दिर तथा यसका वरिपरिका सत्तलहरू मर्मत तथा संरक्षण गर्न स्थापना गरिएका गुठीहरू बाहेक संघ सदस्यहरूले आफ्नै वा अन्य स्थानिय व्यक्तिहरूलाई सहभागी बनाई विभिन्न गुठीहरू सञ्चालन गराइरहेका छन् । यस्ता गुठीहरू मध्ये विहारको पूर्वतर्फ स्थापना गरिएको चैत्यसित सम्बन्धित गुठीलाई "चीकहाः गुठी" भनिन्छ । प्रत्येक वर्ष कार्तिक पूर्णिमामा दिन उक्त चैत्यको विधिवत पूजा गरिन्छ । विहारका ५ छत्रधारी स्थवीरुहरूले आलोपालो गरी सञ्चालन गरी आएको यो चीबाहाः गुठीको छुट्टै आयस्रोत नभएको कारणबाट लोकेश्वरको कोणबाट गुठीको खर्च व्यहोर्ने व्यवस्था कायम भई आएको कुरा स्थानीय थपाजु प्रकास पार्छन् ।

यस्तै यस विहारका संघ सदस्यहरू मध्ये कसैको मृत्यु भएमा मृतकको लाश उठाई परम्परागत शैलीमा दाह संस्कार गर्न यहाँ "सनागुठी" का नामले एउटा मृत्यु संस्कार गुठी पनि स्थापना गरिएको छ । प्रत्येक परिवारको १ जनाले प्रतिनिधित्व गर्ने यस गुठका हाल ५८ जना सदस्य छन् । संघका कोही सदस्यको मृत्यु भएमा गुठीका सबै सदस्यहरू अनिवार्य रूपमा उपस्थिति हुनु पर्ने व्यवस्था मिलाइएको छ । गुठीमा आइपर्ने काम परिचालन गर्न प्रत्येक वर्ष २/२ जनालाई सदस्यताको क्रमानुसार पालो हस्तान्तरण गरिन्छ । गुठी सदस्यहरूका परिवारका कुनै व्यक्तिको मृत्यु भएको समाचार आएपछि गुठीका सदस्यहरूलाई उपस्थिति हुन सूचना दिने, अनुपस्थिति सदस्यहरूलाई जरिवाना निराउने,

---

[५१] जगदिश चन्द्र रेग्मी र पशुपति कुमार द्विवेदी, *श्री आदिनाथ,* काठमाडौं : द्वारिकामान नेमकुल, वि.सं. २०४६ पृ. १६ ।

मृतकको लाश मसानघाटमा लगि दाह संकार कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने आदि कार्य गर्ने नियम बनाइउको छ । वर्ष भरिका कार्यहरूको लेखाजोखा तथा पालो हस्तान्तरण गर्ने काम मंसिर महिनामा गरिन्छ । यस अवसरमा गरिने खर्च अनुपस्थित सदस्यहरूबाट उठाएको जरिवाना, गुठीको जिम्मा लिएका सदस्यहरू तथा बाँकी नपुग रकम देवकोषबाट व्यहोर्ने व्यवस्था भएको पाइन्छ ।

माथि उल्लेख गरिएका र गुठी बाहेक यस विहारसित सम्बन्धित अन्य गुठीहरूमा प्रत्येक संक्रान्तिमा सम्पन्न गरिने “सल्हुगुठी” र पर्वपर्वमा सांगितिक वाद्यवादन गर्न क्रियाशील “दापा गुठी” नामका अन्य दुई गुठी परि सञ्चालित छन् । प्रत्येक महिनाको १ गते परिचालन हुने सल्हुं गुठीमा लोकेश्वरको स्तोत्र पाठ गरिन्छ भने दापा गुठीमा युवाहरूलाई खिं तथा द्याः जस्ता नेवार संस्कृति झल्किने प्राचीन वाद्यवादन बजाउने विधि सिकाइन्छ । सल्हुं गुठीमा स्थानीय शाक्यहरू बाहेक धंगु र दापा गुठीमा तुलाधार गोपाली आदि जातिहरूलाई पनि सदस्य बनाइएको छ ।

# अध्याय पाँच

# उपसंहार

काठमाडौं उपत्यकाको रमणीय तथा ऐतिहासिक तीर्थ स्थलको रुपमा चोभार क्षेत्रको विशेष महत्व रहेको छ । मञ्जुश्रीले चोभारको डाँडाकाटेर दहभएको यो उपत्यकालाई बस्नयोग्य बनाएको कुरा हामीले सुन्दै आएका छौ । यो कुरा स्वयम्भू महापुराणमा पनि संकेत गरिएको छ । चोभार काठमाडौं शहरबाट दक्षिण पश्चिम क्षेत्रमा अवस्थित यो पूरानो बस्ती साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणबाट एकदमै महत्वपूर्ण रहेको छ ।

आनन्दादि लोकेश्वर रहनु भएको चोभार क्षेत्र काठमाडौं उपत्यकाको धर्मावलम्बीहरूको एउटा पवित्र धार्मिक स्थलको रूपमा प्रसिद्ध रहेको छ । शताब्दियौं देखि बज्राचार्य पुरोहित द्वारा बज्रयान चर्चा अन्तर्गत लोकेश्वरको पूजाआजा एवं जात्रा भई आएको यस धार्मिक क्षेत्रमा बौद्ध, हिन्दु तथा अन्य धर्मावलम्वीहरू उत्तिकै श्रध्दा र भक्तिभावका साथ हेर्ने गर्दछन् । यो महाविहारमा भाँडाकुँडा टाँगेमा अर्को जन्ममा आफू निःसन्तान हुनु नपर्ने भन्ने विश्वास छ । लोकेश्वरको नित्य दर्शन गरेमा वा पूजाआजाका निमित्त जग्गा राखी गुठी स्थापना गरेमा आफूलाई मात्र हैन आÕनो परिवारका अन्य सदस्यहरूलाई समेत महारोग लाग्दैन भन्ने धारणा रहेको पाइन्छ ।

धार्मिक समन्वय, उदारता तथा सहिष्णुताको उदाहरण बनेको यस पवित्र स्थलमा आउने भक्तजनहरूको श्रद्धा र भक्तिभावमा आँच नआओस भन्ने उद्धेश्यले वि.सं. २०३७ सालदेखि चोभार युवा क्लवद्वारा मेला, जात्रा, पर्वहरूमा स्वयंसेवक भई सुविधा पुऱ्याउने गरी रहेका छन् । यस महाविहारमा आदिनाथ भजन खल:ले विहान दैनिक रुपमा भजन गाउँने गर्दछन् । यहाँ एक टोल सुधार समितिको सक्रियतामा मन्दिर परिसरको सरसफाइ कार्य गरिन्छ । यसका साथसाथै यसका वरिपरि अन्य थुप्रै बौद्ध कलाकृतिहरू पनि रहेका छन् । यस महाविहारको पश्चिम पट्टि चारुमतिको चैत्य रहेको छ । चारुमति र चोभार नाममा पनि कुनै सम्बन्ध छ कि खोजको विषय रहेको छ ।

यस कच्छपाल महाविहारको उत्तरमा सुलक्षण तीर्थ, पूर्वपट्टि नख्खु दोभान र बागमती नदी, दक्षिणतर्फ जल विनायक वा क्वयना यो तथा टौदह र पश्चिम तर्फ जालपादेवीको

मन्दिर, सिद्धगुफा अनि विष्णुदेवीको मन्दिर रहेको छ । यो महाविहार धार्मिक र साँस्कृतिक रूपले हेर्दा धार्मिक समन्वय तथा सहिष्णुताको एक उदाहरण देखिन्छ । कोजाग्रत पूर्णिमा देखि एक महिना सम्म लाग्ने मेला मास व्रतमा आउने भक्तजनहरूका लागि चोभारको आदिनाथ ज्यादै प्रिय छ । कच्छपाल महाविहारमा रहेका मुख्य देवता आनन्दादि लोकेश्वर रोग निवारण गर्ने देवता हुन् भने विश्वास रहेको छ । त्यसैले के बौद्ध के हिन्दु सवैले यो एक महिने ब्रत बस्ने गर्दछन् । यो बिहारमा मृतकका सम्झनामा विहारमा लगेर भाँडा किला ठोकेर अड्याउने चलन बढी छ । मानसिक तथा शारीरिक रोग नाश भएपछि विहारमा भाँडा चढाउने चलन रहेको विश्वास स्थानीयहरूको छ । एक पूजारीको भनाई अनुसार दाइजोका रूपमा आएका बुहारीका भाँडा उसको मृत्यु पश्चात् घरमा चलन गर्न नहुने मान्यता राख्ने परिवारले भाँडा विहारमा चढाउँदै गर्दा यो चलन बसेको हो भन्ने भनाई पनि रहेको छ ।

